का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ कात्तिक २०८१,
बिहीबार
7 November, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २५८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# विश्वास बढाउने प्रयास

सत्ता गठबन्धन थप कसिलो बनाउन नेपाली कांग्रेस र नेकपा एमालेले संघ, प्रदेश र स्थानीय तहमा शक्तिशाली संयन्त्र बनाएका हुन् । यसले दुई दलका बीचमा रहेका कतिपय अविश्वाससमेत स्वत: कम गरेर लैजाने नेताहरूको विश्वास छ ।

> संयुक्त सरकारलाई सफल र प्रभावकारी बनाउन नेकपा एमालेका अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा दुई दलीय राजनीतिक संयन्त्र निर्माण गरिएको हो ।
>
> **केशवराज जोशी**
> **सचिव, दुई दलीय संयन्त्रको सचिवालय**

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक ।

नेपाली कांग्रेस र नेकपा एमालेले देशभर दुई दलीय संयन्त्र बनाएका छन् । संघीय संसदका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले संयुक्त सरकार चलाइरहेका छन् ।

सरकारको कामकारबाही प्रभावकारी बनाउन र सत्ता गठबन्धन थप कसिलो गराउन नेपाली कांग्रेस र नेकपा एमालेले संघ, प्रदेश र जिल्ला तहमा शक्तिशाली दुई दलीय संयन्त्र बनाएका हुन् । संयन्त्रमा सम्बन्धित तहका प्रभावशाली नेता रहेका छन् ।

संघीय संयन्त्रमा सरकारको नेतृत्वकर्ता दल एमालेबाट वरिष्ठ पृष्ठ २ मा

# ह्वाइट हाउसमा ट्रम्पको पुनरागमन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ कात्तिक ।

अमेरिकाको ४७ औं राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भएका छन् । राष्ट्रपतिको निर्वाचन जित्न २७० इलेक्ट्रोल कलेज चाहिन्छ । रिपब्लिकन उम्मेदवार ट्रम्प २७० इलेक्ट्रोल कलेज पार गर्दै विजयी भएका हुन् ।

ट्रम्पसँग चुनावी प्रतिस्पर्धामा उत्रिएकी डेमोक्र्याटिक पार्टीकी उम्मेदवार कमला ह्यारिस पराजित भइन । उनी वर्तमान उपराष्ट्रपति हुन् ।

चुनाव जितेसँगै ह्वाइट हाउसमा ट्रम्पको पुनरागमन भएको हो । सन् २०१६ मा हिलारी क्लिन्टनलाई हराएर ट्रम्प ४५ औं राष्ट्रपति बनेका थिए । तर सन् २०२० मै राष्ट्रपतिमा दोहोरिन चाहेका थिए तर डेमोक्र्याटिक पार्टीका जो बाइडेनसँग पराजित भएका थिए ।

यसपटक पुन: उम्मेदवारी दिएका ट्रम्पले डेमोक्र्याट उम्मेदवार ह्यारिसलाई पराजित गरेर दोस्रो कार्यकालका लागि राष्ट्रपतिमा निर्वाचित भएका हुन् ।

ट्रम्पले जित सुनिश्चित भएसँगै फ्लोरिडामा सम्बोधन गरेका थिए । त्यसक्रममा उनले भव्य जित हासिल गरेको बताएका थिए । आफ्नो जित



> हरेक नागरिक, परिवार र भविष्यका लागि लड्ने डोनाल्ड ट्रम्पको प्रतिबद्धता छ । समर्थकलाई सम्बोधन गर्दै उनले अमेरिकामा अब स्वर्ण युगको शुरुवात हुने दाबी गरेका छन् ।

अमेरिकी नागरिकका लागि भव्य जित भएको उल्लेख गर्दै उनले यसले अमेरिकालाई पुन: महान् बनाउने बताए । अमेरिकामा अब स्वर्ण युगको सुरूवात हुने उनको दाबी छ ।

हरेक नागरिक, परिवार र भविष्यका लागि लड्ने उनको प्रतिवद्धता छ । उनले भनेका छन्, 'म हरेक दिन तपाईंहरूका लागि लडिरहनेछु । अन्तिम सास रहुञ्जेल म लड्नेछु ।'

ह्वाइट हाउसमा ट्रम्पको पुनरागमन हुनुको कारण उनले अवलम्बन गर्ने खुकुलो अर्थ रहेको बताइन्छ । आफूप्रति बफादार समर्थक रहनुलाई पनि उनको जितको आधार भनिएको छ । आप्रवासी नागरिकप्रतिको उनको नीति, सीमा टाइट गर्ने प्रतिवद्धता, युक्रेन र गाजामा जारी युद्ध रोक्ने प्रतिवद्धता र डेमोक्र्याटिक पार्टीका उम्मेदवार बदलिनलाई पनि ट्रम्पको जितको आधार मानिएको छ ।

शुरुमा डेमोक्र्याटिक पार्टीको उम्मेदवारको रुपमा जो बाइडेन थिए । पछि बदलिएर ह्यारिस उम्मेदवार भएकी हुन् । यसले पनि ट्रम्पलाई फाइदा पुगेको बताइन्छ । ट्रम्पले चुनाव जितेसँगै विश्वका नेताहरूले बधाई दिएका छन् । पृष्ठ २ मा

# काठमाडौंले नदेखेको बैतडीको विनायक

बैतडीको पञ्चेश्वर गाउँपालिका वडा नम्बर ४ विनायक गाउँका नागरिकहरु संघीय सरकारले प्राथमिकता नदिँदा आफूहरु आधारभूत आवश्यकताबाट समेत बञ्चित हुनुपरेको दु:खेसो गर्छन् ।

**ललित बोहरा/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक ।

आधाभूत आवश्यकता भित्र पर्छन्, स्वास्थ्य, शिक्षा, खानेपानी, सडक र बिद्युत सेवा । तर यी आवश्यकता पनि पुरा नभएको गाउँ हो- बैतडीको पञ्चेश्वर गाउँपालिका वडा नम्बर ४ विनायक गाउँ । यो गाउँवासीलाई नुनदेखि सुनसम्म भारतको भर पर्नुपर्ने बाध्यता छ । आवश्यक सामग्री लिन र कोही बिरामी परे उपचारका लागि महाकाली ट्यूबको सहायताले पार गर्नुपर्छ ।

नेपाल भारत सीमा क्षेत्र बैतडीको पञ्चेश्वर गाउँपालिकाका नागरिक आधाभुरत विकासबाटै बञ्चित छन् । जिल्लाको तल्लो स्वरड भनेर चिनिने बिनायक लगायतका महाकाली किनारका बस्तीलाई आधारभुत स्वास्थ्य, शिक्षा, सडक बिद्युत, खानेपानी पाउन् मुस्कील छ । जस मध्येको एक गाउँ हो, बिनायक । जहाँ खानेपानीका लागि महाकाली नदीको भर पर्ने बाध्यता छ ।

स्थानीय निर्मला चन्दका अनुसार बच्चादेखि बुढासम्म सबैले महाकालीकै पानी कुनै फिल्ड बिधि नअपनाई पिउँछन् । बिनायक गाउँबासीका लागि पानी खुवाउन तीन बर्ष पहिले शुरु भएको बास खेत खानेपानीको योजना अलपत्र छ । ९३ धारा बनाउने सहमति गरेको खानेपानी व्यवस्था तथा ढलनिका कार्यालय कञ्चनपुरले सम्झैता अनुसार काम नगर्दा योजना अलमलमा परेको



हो । समितिसँग ३९ लाखमा निर्माण सम्झैता गरेर २२ लाख समितिलाई भुक्तानी गरेको छ । बाँकी रकमबाट कार्यालयले २५ धारा निर्माण लागि समान खरीद गरिएको योजनाका अध्यक्ष कुन्डल चन्दले बताए ।

अधुरो खानेपानी योजनाका धारा निर्माण लागि वडा नम्बर ४ को कार्यालयले यो बर्षको बजेटबाट सहयोग गर्ने बताएको छ । जनप्रतिनिधिको चिमड चन्दका अनुसार पञ्चेश्वरमा बिस्तारै विकास हुँदैछ । बिद्युतका पोल स्थानीयले कतै आफैले गाडेका छन्, कतै त्यतैकै सार्वजनिक स्थलमै राखिएका छन् ।

स्थानीय बल बहादुर चन्दका अनुसार बिद्युत सेवा बिनायकमा मात्र होइन, पञ्चेश्वर गाउँपालिकाका अधिकांश गाउँमा विस्तार हुन बाँकी छ । बिद्युत सेवा नहुँदा पञ्चेश्वरका बिद्यालयहरुले विद्यार्थीलाई डिजिटल माध्यमबाट शिक्षा दिन सकेका छैनन् ।

कल्याणपुर आवि पञ्चेश्वर गाउँपालिका ४ बैतडी प्रअ राजबहादुर चन्दले विद्युत अभावमा कम्प्युटर लगायतका माध्यमबाट शिक्षा दिन नसकिएको बताए ।

यस क्षेत्रका नागरिकहरु सामान्य ज्वरो आउदाँ समेत भारत पिथउडागड पुग्नुपर्ने बाध्यतामा छन् । पञ्चेश्वर गाउँपालिकाले ग्रामीण क्षेत्रमा सञ्चालन गरेका ४ वटा वथिङसेन्टर पनि बन्द भएको छ । तथापि, सडक पुगेका ठाउँबाट प्रसुती सेवाका लागि पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# हवाई भाडाको सिण्डिकेट र कार्टेलिङप्रति संघको गम्भीर आपत्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ कात्तिक

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारमा जाने विपन्न अवस्थाका कामदारहरुले अत्यन्त महँगोमा हवाई टिकट खरिद गर्नुपरेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको ध्यानाकर्षण गराएको छ । बुधबार संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा कार्यसमिति पदाधिकारी तथा सदस्य, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका प्रतिनिधिसहितको प्रतिनिधिमण्डलले मन्त्री भण्डारीलाई भेटेर उक्त ध्यानाकर्षण गराएको हो ।

आगामी शुक्रबारदेखि करिब ५ महिनासम्म त्रिभुवन विमानस्थलको स्तरोन्नतिका



कारण उडान समय छोट्याइएपछि नेपालबाट प्रमुख श्रम गन्तव्य मुलुकहरूमा उडान भर्ने एयरलाइन्सहरूले हवाई टिकट भाडामा अस्वभाविकरूपमा वृद्धि गरेका छन् । सामान्य अवस्थामा ३० देखि ३५ हजार रुपैयाँमा पाउने टिकटलाई हाल ८० हजारभन्दा माथि पुऱ्याइएको संघले ज्ञापनपत्रमा उल्लेख गरेको छ ।

मन्त्री भण्डारीलाई ज्ञापनपत्र बुझाउँदै संघले सरकारले एयरलाइन्स र ट्राभल्स एजेन्सीहरूमाथि अनुगमन र कारबाही नगरेका कारण हवाई भाडामा कालोबजारी भएको भन्दै अविलम्ब उपयुक्त कडा कदम चाल्नुपर्ने माग पनि गरेको छ ।

खाडीका प्रमुख श्रम गन्तव्य मुलुकमा हवाई भाडा ३० देखि ३५ हजार रुपैयाँ भए पनि उक्त मुलुकहरुमा रोजगारीमा जाने कामदार अत्यन्तै महँगो भाडामा पुगेको संघले बताएको छ । भारतको नयाँदिल्लीबाट दुबईको २६ हजार ६ सय २३ देखि ३० हजार ४ सय ९४ रुपैयाँसम्म र बगंलादेशबाट २३ हजार ३२९ देखि २६ हजार २ सय १४ रुपैयाँ बराबरमा हवाई टिकट उपलब्ध भएको भन्दै नेपालमा मात्र सिण्डिकेट र कार्टेलिङ गरी कृत्रिम अभाव खडा गरेको संघको भनाइ छ ।

सरकारले फ्रि भिसा फ्रि टिकट नीति लागू गरेको अवस्थामा जहाजको टिकट अस्वभाविकरुपमा बढ्दा वैदेशिक रोजगारीको अवसरका साथै नेपाल आउने रेमिट्यान्समा समेत गम्भीररुपमा नकारात्मक असर पर्ने संघले ज्ञापनपत्रमा उल्लेख गरेको छ ।

त्यसैगरी संघले हवाई उडानमा कायम पृष्ठ २ मा


## कर्मचारी आवश्यकता
Apply Now

यस कम्पनीको लागि निम्न अनुसारका कर्मचारी आवश्यक भएकोले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला।

| | |
|---|---|
| म्यानेजर | : २ (पुरुष/महिला) |
| अफिस सेक्रेटरी | : २ (पुरुष/महिला) |
| डकुमेन्टेसन | : २ (पुरुष/महिला) |
| एकाउन्टेन्ट | : १ (महिला) |
| पिआरओ | : ६ (पुरुष/महिला) |
| रिसेप्सनिष्ट | : २ (पुरुष/महिला) |

तलब आपसी सम्झदारीमा

Requirements:
कम्तीमा २ वा ३ वर्ष अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।

श्रम इजाजत नं.: ३९७/०६०/०६१
फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४९६०५७६, ४९५०७१९
Email: futurestarmp397@gmail.com
Mobile No: 9810101810, 9813916322

## कुबेतको PIZZA HUT मा रोजगारको अवसर
कम्पनी: AL HOMAIZI FOOD STUFF CO. शहर: Kuwait पुन:विज्ञापन
पूर्व स्वीकृत मिति: २०८०/०१/१९ चलानी नं.: ६०२००८९५ L.T. No.: 285457

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Delivery Driver (Light Driver) | 40 | 0 | स. काममा दक्ष | 180 | ७८,८६२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Team Member | 80 | 45 | | 180 | ७८,८६२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २५, २६ र २७ गते (10, 11 & 12 Nov. 2024) मा हुनेछ ।
नोट: Delivery Driver (Light Driver) को अन्तर्वार्ता हाललाई स्थगित गरिएको छ । पछि अन्तर्वार्ताको लागि पुन: जानकारी गराइने छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४५६९३७२ ०१-४५६१०७७, ९८४९१७०६०२, ९८२३३५१५४५

## युएईमा महिला तथा पुरुषहरूलाई वैदेशिक रोजगारको अवसर
कम्पनी : NATIONAL CORPORATION FOR TOURISM & HOTELS शहर: Dubai
पुर्व स्वीकृत मिति: २०८०/०८/०८ चलानी नं.: ६०२१०५३८ LT. No.:295473 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 85 | 43 | सम्बन्धित काममा दक्ष | 900 | ३२,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Boys | 50 | 0 | | 1000 | ३६,५६० | | | | | | | |
| 3. | Office Girl | 0 | 13 | | 1000 | ३६,५६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २९ गते (14 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

लाईफ लाईन ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com
Mobile No: 9851193449 | 9851017534 | 9851180954
Pokhara- 9803906755, Itahari- 9852022500 | Butwal- 9851002976

### छठ पर्वको मुख्य दिन आज

# दिनभर निरहार व्रत बसी अस्ताउँदो सूर्यलाई अर्घ्य दिइँदै

**काठमाडौं/मस–**छठ पर्वको मुख्य दिन आज अस्ताउँदो सूर्यको पूजा आराधना गरी अर्घ्य दिइँदै छ ।

कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने यो पर्वमा सूर्य र ब्रह्माका मानसपुत्री छठी (षष्ठी)को उपासना गरी मनाइन्छ । कात्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी एक छाक खाएर बस्ने गरिन्छ । दोस्रो दिन कात्तिक शुक्ल पञ्चमीमा सखर हालेर बनाइएको खीर (खरना) षष्ठी मातालाई चढाई व्रतालुले प्रसादस्वरुप खाने र नुन नखाई एक छाक फलाहार गरिन्छ ।

यो पर्वको मुख्य दिन कात्तिक शुक्ल षष्ठीका दिन कठोर निराहार व्रत गरी बेलुकी अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ्य दिने विधि विधान रहेको छ ।

षष्ठीका दिन रातभर जागा बसी कात्तिक शुक्ल सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पूजा आराधना गरी विधिपूर्वक अर्घ्य दिएपछि यो पर्व समापन हुन्छ । कात्तिक शुक्ल पक्षमा विधिपूर्वक सूर्यको पूजा आराधना गरी अर्घ्य दिएमा चर्म अर्थात् छाला रोग लाग्दैन भन्ने धार्मिक विश्वाससमेत छ ।



२०४६ साल अगाडिसम्म तराईको सीमित क्षेत्रमा मनाइने छठले अहिले राष्ट्रियस्वरुप ग्रहण गरेको छ । २०४६ सालदेखि नै सरकारले यो पर्वका अवसरमा देशभर सार्वजनिक बिदा दिन शुरु गरेको थियो ।

छठ पर्वका लागि काठमाडौंको गुह्येश्वरीबाट गौरीघाट क्षेत्र, गहनापोखरी, नागरपोखरी, कमलपोखरीलगायत बागमती, नख्खु र विष्णुमतीलगायत नदी किनारमा सजावट गरिएको छ ।

छठका व्रतालुले कात्तिक शुक्ल चतुर्थीदेखि नै चोखो खानपान गरी शुद्ध भएर बस्ने गर्छन् । केही व्रतालु भने कोजाग्रत पूर्णिमाको भोलिपल्ट अर्थात् कात्तिक कृष्ण प्रतिपदादेखि नै लसुन, प्याजलगायत तामसी खानेकुरा नखाइ चोखो अर्थात् सात्विक भोजन गरेर बस्छन् ।

ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रौपदीसहित पाँच पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरिएको थियो । त्यस समयमा पाण्डवहरू विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोककथन बमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो ।

सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि ‘छठ पर्व’ मनाउने परम्पराको शुरुवात भएको तथ्य सूर्य पुराणमा उल्लेख छ ।

साम्व पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठ रोगबाट पीडित साम्व सूर्यको आराधनाको फलस्वरूप रोग मुक्त हुन गएको भन्ने चर्चा छ । छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास समेत छ ।

यसमा झुप्पा-झुप्पा फलहरू चढाउँदा सूर्य देवता प्रसन्न भइ बर्तालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । यस पर्वमा व्रत बस्न नसक्नेले व्रत गर्ने अरु व्यक्तिबाट कामना पूरा गराउने गर्छन्। आर्थिक अभाव भएका मानिस भिक्षा मागेरै भए पनि यो पर्व मनाउने गर्छन् ।

# उपनिर्वाचनका लागि एमाले रौतहटद्वारा उम्मेदवार चयन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ कात्तिक

मंसिर १६ गते हुने उपनिर्वाचनका लागि नेकपा एमाले रौतहटले उम्मेदवार चयन गरेको छ । उपनिर्वाचनमा रौतहटका तीनवटा वडाहरूमा निर्वाचन हुँदैछ ।

उपनिर्वाचनमा रौतहटको राजपुर नगरपालिका ६, इशनाथ नगरपालिका ७ र गढीमाई नगरपालिका वडा नम्बर ८ मा निर्वाचन हुँदैछ ।




नेकपा एमाले रौतहटको सचिवालय बैठकले राजपुर नगरपालिका वडा नम्बर ६ को वडाध्यक्षमा नासिम अख्तर, इसनाथ नगरपालिका वडा नम्बर ७ को वडाध्यक्षमा शेख अनवर र गढीमाई नगरपालिका वडा नम्बर ८ मा जिउती देवी यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको नेकपा एमाले रौतहटका सचिव बाबुराम दाहालले जानकारी दिए ।

उपनिर्वाचनका लागि निर्वाचन आयोगले मंसिर २ गते उम्मेदवारको मनोनयन दर्ताको कार्यतालिका सार्वजनिक गरेसँगै नेकपा एमाले रौतहटले रौतहटका तीनवटा वडामा हुने उपनिर्वाचनका लागि उम्मेदवार चयन गरेको हो ।

नेकपा एमाले र रौतहटले चयन गरेका तीनवटै वडाध्यक्षका उम्मेदवारहरूलाई जिताउनका लागि सम्पूर्ण पार्टी पंक्तिलाई एक भएर लाग्नका लागि नेकपा एमाले रौतहटका जिल्ला अध्यक्ष सचिदानन्द शाहले विज्ञप्तिमार्फत आग्रह समेत गरेका छन् ।

# विशिष्टीकृत अस्पताल निर्माण गर्न संघीय सरकारसँग जग्गा माग

**कास्की/मस–** प्रदेश गौरवको आयोजनामा समेटिएको क्यान्सर, मुटु, मिर्गौला र बाल रोग सम्बन्धी एकीकृत सेवासहितको विशिष्टीकृत अस्पताल निर्माणका लागि गण्डकी प्रदेश सरकारले संघीय सरकारसँग जग्गा माग गरेको छ ।

प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले हालै प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट गरेर कास्कीको पोखरा महानगरपालिका-१६ स्थित जौवारी सिँचाइ विभागको दुई सय रोपनी जग्गा प्रदेश सरकारलाई उपलब्ध गराइदिन माग गरिएको जानकारी दिए ।

प्रदेश स्थापनापछि गठित पहिलो सरकारले प्रदेश राजधानी पोखरामा उक्त विशिष्टीकृत अस्पताल स्थापना गर्ने निर्णय गरेपनि जग्गा व्यवस्थापनको जटिलतालगायत कारणले कार्यान्वयन हुन सकेको छैन । प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा पनि उक्त योजना समेटिँदै आएको स्वास्थ्यमन्त्री पाठकले बताए । ‘प्रधानमन्त्रीसमक्ष जग्गाव्यवस्थापनलगायत विभिन्न १२ मागहरु मन्त्रालयकातर्फबाट पेस गरिएको छ, प्रधानमन्त्रीले आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाउनुभएको छ’, उनले भने ।

मन्त्री पाठकले जग्गा अभावकै कारण विशिष्टीकृत अस्पताल निर्माणमा बिलम्ब भइरहेको बताए । उनले प्रदेशमा एकीकृत सेवासहितको मातृशिशु, महिला तथा बाल अस्पताल स्थापनाका लागि पनि पहल भइरहेको जानकारी दिए । जटिल रोगको उपचार सेवाका लागि सर्वसाधारण काठमाडौं जानुपर्ने बाध्यता अन्त्यका लागि पोखरामा सुविधासम्पन्न विशिष्टीकृत अस्पतालको जरुरी रहेको उनको भनाइ छ ।

मन्त्री पाठकले अन्तरंग सेवासहित २५ शय्याको गण्डकी आयुर्वेद अस्पताल र धवलागिरि आयुर्वेद अस्पतालको स्तरवृद्धिका लागि आवश्यक बजेटको प्रबन्ध गरिदिन संघ सरकारसँग माग गरिएको बताए ।

प्रदेश सरकारले प्राकृतिक चिकित्सा, आयुर्वेद उपचार पद्धति र मेडिकल विज्ञानसमेत सेवालाई एकै ठाउँबाट प्रवाह हुने गरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापनाको लक्ष्य लिएको उनले बताए । उक्त केन्द्रका लागि राष्ट्रिय खेलकुद परिषद्को नाममा पोखरा रङ्गशाला परिसरमा रहेको पाँच रोपनी सात आना जग्गा प्राप्तिका लागिसमेत सहजीकरण गरिदिन प्रधानमन्त्रीसमक्ष माग राखिएको मन्त्री पाठकको भनाइ छ ।

गण्डकी प्रदेश सरकार र स्थानीय तहअन्तर्गत सञ्चालित अस्पताल र स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माणदेखि स्वास्थ्य सेवाको गुणस्तर वृद्धिका लागि आवश्यक स्रोतसाधनको व्यवस्थाका लागि सङ्घ सरकारसँग माग गरिएको उनले बताए । स्वास्थ्य क्षेत्र सुधारको लक्ष्यसहित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर मन्त्रालयले काम शुरु गरेको मन्त्री पाठकको भनाइ छ । स्वास्थ्य क्षेत्रको नीतिगत, संस्थागत र संरचनागत सुधारको खाकासहित भावी कार्ययोजना बनाइएको उनले बताए । मन्त्रालयको कार्ययोजनाअन्तर्गत कानूनी सुधार, सुशासन, आपूर्ति व्यवस्थापन, मातृ तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण, संस्थागत क्षमता विकास तथा विस्तार, सेवा प्रवाह तथा गुणस्तरको सुनिश्चितता, सूचना व्यवस्थापन, जनस्वास्थ्य आपतकालीन तयारी र प्रतिकार्य, सर्ने तथा नसर्ने रोगको व्यवस्थापनलगायतका विषय समेटिएका छन् ।

# धादिङ र बागलुङमा बस दुर्घटना हुँदा ३४ जना घाइते

**काठमाडौं/मस–** धादिङ र बागलुङमा भएको छुट्टाछुट्टै दुर्घटनामा ३४ जना घाइते भएका छन् ।

पृथ्वीराजमार्ग अन्तर्गत धादिङको गजुरी गाउँपालिका-६ बन्छेटारमा दुईवटा बस एकापसमा ठोक्किँदा १३ जना घाइते भएका हुन् ।

काठमाडौंबाट गोरखातर्फ जाँदै गरेको बा४ख ४४७६ नम्बरको बस तथा चितवनबाट काठमाडौंतर्फ आउँदै गरेको बा५ख ३४९५ नम्बरको बस एकापसमा ठोक्किएका हुन् ।



घाइतेलाई उपचारका लागि आदमघाट र गजुरीका स्वास्थ्य संस्थामा लगिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रल्हाद सिलवालले जानकारी दिए । दुर्घटनाग्रस्त बस सडकबाट पन्छाएर अवरुद्ध यातायात पुनः सञ्चालन गरिएको उनले बताए । तीव्र गतिमा गुडिरहेका दुवै बस अनियन्त्रित भइ एकापसमा ठोक्किएका प्रहरीले जनाएको छ ।

यसैबीच बागलुङमा बस दुर्घटना हुँदा २१ जना घाइते भएका छन् । रुकुमदेखि काठमाडौंका लागि छुटेको ना८ख ८४१४ नम्बरको बस बागलुङको निसीखोला गाउँपालिका-६ जाउलेपानीमा दुर्घटनामा परेको हो । दुर्घटनामा परेका सबै घाइतेलाई बुर्तिबाङ प्राथमिक केन्द्र बागलुङमा ल्याइएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक सुनिल शर्मा चिलवालले जानकारी दिए । गाडीमा ४० यात्रु सवार रहेको प्रहरीको भनाइ छ ।

#### दुर्घटनामा एकको मृत्यु

भक्तपुरको सूर्यविनायक नगरपालिका-५ कटुञ्जे चोकमा बुधबार भएको दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

बुधबार साँझ सूर्यविनायकबाट सल्लाघारीतर्फ जाँदै गरेको बागमती प्र ०२-०२१प. ८१२७ नम्बरको मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिँदा भक्तपुर नगरपालिका-६ भोलाछें घर भई हाल भक्तपुर कटुञ्जे बस्ने ६९ वर्षीया विमला प्रधानाङ्गको मृत्यु भएको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले जानकारी दिए ।

दुर्घटनालगत्तै मोटरसाइकलसहित फरार चालक रामेछाप सुनापाती गाउँपालिका-५ घरभइ हाल चाँगुनारायण नगरपालिका-१ दुवाकोट बस्ने २६ वर्षीय दिपक मानन्धरलाई पक्राउ गरी प्रहरी वृत्त जगातीको हिरासतमा राखेर अनुसन्धानसहित थप कार्य अगाडि बढाइरहेको उनले जानकारी दिए ।

#### विश्वास...

उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष एवं अर्थमन्त्री विष्णु पौडेल, महासचिव शंकर पोखरेल र प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विष्णु रिमाल छन् । कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, गृहमन्त्री रमेश लेखक र परराष्ट्र मन्त्री आरजु राणा देउवा छन् । संयोजन दुई दलले एक/एक महिना पालैपालो गर्नेछन् । कात्तिक २१ देखि मंसिर २० गतेसम्म पहिलो महिनाको संयोजन कांग्रेस उपसभापति खड्काले गर्नेछन् । केपी शर्मा ओली र शेरबहादुर देउवाको निर्देशन अनुसार संयन्त्रले काम गर्नेछ । केन्द्रकै शैलीमा प्रदेशमा पनि प्रदेशको इन्चार्ज, अध्यक्ष, प्रदेश संसदीय दलको नेता, जिल्ला अध्यक्ष संयन्त्रमा रहनेछन् ।

आगामी डिसेम्बरमा हुने प्रधानमन्त्री ओलीको चीन भम्रणको तयारीका लागि ओली र देउवाको निर्देशनमा परराष्ट्रमन्त्री देउवालाई जिम्मेवारी दिइएको छ । कार्यदलले भ्रमणका लागि आवश्यक गृहकार्यमा सहजीकरण गर्ने निर्णयमा उल्लेख छ । दुई तिहाइ बहुमतको सरकारको काम प्रभावकारी हुन नसकेको भनेर कतिपयले आरोप लगाइरहेका बेला दुई दलीय संयन्त्र बनाउने निर्णय भएको छ । यसले दुई दलका बीचमा रहेका कतिपय अविश्वास समेत स्वतः कम गरेर लैजाने नेताहरूको विश्वास छ । दुई दलीय संयन्त्रको सचिवालयका सचिव केशवराज जोशीका अनुसार संयन्त्रको प्रमुख उदेश्य सरकारलाई सफल बनाउनु हो । जोशीले विज्ञप्तिमा लेखेका छन्, ‘संयुक्त सरकारलाई सफल र प्रभावकारी बनाउन ...नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व प्रधानमन्त्री एवम नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा दुई दलीय राजनीतिक संयन्त्र निर्माण गरिएको छ ।’

#### ह्वाइट...

युरोपेली संघकी प्रमुख उर्सुला भोन डेर लेयेनले वासिङ्टन र ब्रसेल्सले ‘बलियो ट्रान्सएटलान्टिक एजेन्डा’मा मिलेर काम गर्ने आशा व्यक्त गरेका छन् । उत्तर एटलान्टिक सन्धि संगठन (नाटो) का प्रमुख मार्क रुटले ट्रम्पको सत्तामा पुनरागमनले गठबन्धनलाई ‘बलियो’ राख्न मद्दत पुग्ने बताए । फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोँले राष्ट्रपति ट्रम्पलाई बधाई दिँदै आगामी चार वर्षसम्म सम्मान र महत्वाकांक्षाका साथ काम गर्न तयार रहेको बताएका छन् । सामाजिक सञ्जाल एक्समा म्याक्रोँले लेखेका छन्, ‘तपाईंको र मेरो सम्बन्धले थप शान्ति र समृद्धिका लागि विश्वासको लेखाजोखा गर्नेछ ।’

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्रम्पको ‘चुनावी विजय’को प्रशंसा गरे । उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, ‘मेरो मित्र डोनाल्ड ट्रम्प तपाईंको ऐतिहासिक चुनावी विजयका लागि हार्दिक बधाई छ ।’ चीनले अमेरिकासँग ‘शान्तिपूर्ण सहअस्तित्व’को आशा गरेको बताएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित ब्रिफिङमा भनेका छन्, ‘हामी पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवै पक्षको हितका लागि सहकार्यको सिद्धान्तमा आधारित चीन-अमेरिका सम्बन्धलाई निरन्तरता दिनेछौं ।’ युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले ट्रम्पको कार्यकालले युक्रेनमा न्यायोचित शान्ति ल्याउने विश्वास व्यक्त गरेका छन् ।

#### काठमाडौंले...

एम्बुलेसले निः शुल्क सेवा प्रदान गर्ने व्यवस्था मिलाएको पञ्चेश्वर गाउँपालिकाका स्वास्थ्य संयोजक राम सागर शाहले बताए ।

स्थानीयहरू संघीय सरकारले प्राथमिकता नदिँदा आफूहरु आधार भूत आवश्यकताबाट समेत बन्चित हुनुपरेको दुःखेसो गर्छन । महाकाली किनारका बस्थीलाई विकासको मुल प्रवाहमा ल्याउन संघ, प्रदेश र स्थानीय तहले संयुक्त रुपमा तदारुकता देखाउनुपर्ने उनीहरुको माग छ ।

#### हवाई...

गरिएको अस्वभाविक भाडा नघटाइए वैदेशिक रोजगार ऐन २०६४ को दफा २२ अनुसार विदेशी विमानस्थलबाट कामदार पठाउने वैकल्पिक निर्णय गरिदिन पनि मन्त्री भण्डारीको ध्यानाकर्षण गराएको छ । ऐनमा श्रम स्वीकृति लिइ भिसा प्राप्त भइसकेका कामदारको हकमा जहाज टिकटको समस्या भए अर्को मुलुकको विमानस्थल प्रयोग गर्न सक्ने व्यवस्था छ । नेपालबाट खाडी मुलुकमा अवैधानिकरुपमा महिला कामदार उडाएपछि भारतीय विमानस्थलहरूले नयाँदिल्लीस्थित नेपाली दूतावासको नो अब्जेक्सन लेटर लिएर नेपालीलाई खाडी मुलुकमा उडान अनुमति दिने गरेका छन् । संघले छिमेकी राष्ट्र भारतको विमानस्थल प्रयोग गरी कामदार पठाउने व्यवस्था मिलाउन मन्त्रीसमक्ष अनुरोध गरेको छ ।

जवाफमा मन्त्री भण्डारीले नयाँदिल्लीस्थित नेपाली दूतावासको नो अब्जेक्सन लेटर लिएर नेपालीलाई खाडी मुलुकमा उडान अनुमति दिने व्यवस्था मिलाउने काम परराष्ट्र मन्त्रालयको भएकाले त्यसतर्फ पहल बढाउन संघलाई आग्रह गर्दै आफूले पनि परराष्ट्र मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा आवश्यक समन्वय गर्ने आश्वासन दिए ।

मन्त्री भण्डारीले आगामी शुक्रबारदेखि करिब ५ महिनासम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिका कारण उडान समय छोट्याइएपछि उत्पन्न हुने समस्याका बारेमा मन्त्रिपरिषद्मा अनौपचारिक छलफल भएको, तर प्रधानमन्त्रीको अस्वस्थताका कारणले औपचारिक छलफल हुन नपाएको जानकारी दिए ।

बुधबार विभागीय मन्त्री भण्डारीलाई ज्ञापनपत्र बुझाएको संघले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे र परराष्ट्रमन्त्री आरजु राणालाई पनि भेटेर समस्या समाधानका लागि आग्रह गर्ने बताएको छ । ज्ञापनपत्र बुझाउन गएको व्यवसायीको टोलीमा अध्यक्ष भण्डारी, प्रथम उपाध्यक्ष डिक बहादुर खत्री कुमार, द्वितीय उपाध्यक्ष सञ्जु गुरूङ, महासचिव मेघनाथ भुर्तेल, कोषाध्यक्ष सरिता घले तथा कार्यसमिति सदस्यहरू, एशोसिएसन अध्यक्ष दीपक थापा तथा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका महासचिव मधुकर रिजाल सहभागी रहेका थिए । यसैबीच प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले छुट्टै विज्ञप्तिमार्फत नेपालबाट श्रम गन्तव्यमा उडानमा कायम गरिएको अस्वभाविक भाडा वृद्धिले श्रम गर्न जाने नेपाली श्रमिक मारमा परेको भन्दै समस्या समाधानका लागि नेपाल सरकार तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ध्यानाकर्षण गराएको छ ।

मञ्चका अध्यक्ष जनक रावलले बुधबार विज्ञप्ति जारी गरेर नेपालजस्तै वैदेशिक रोजगारमा कामदार पठाउने छिमेकी भारत, बंगलादेश, श्रीलंका, पाकिस्तानलगायत सार्क राष्ट्रहरुबाट कामदार पठाउँदा भाडा सस्तो रहेको उल्लेख गर्दै संघलेजस्तै छिमेकी राष्ट्र भारतको विमानस्थल प्रयोग गरी कामदार पठाउने व्यवस्था मिलाउन माग गरेका छन् ।

**यूएईमा रोजगार**

कम्पनी : PREFERED GUARD SERVICES
पूर्व स्वीकृत मितिः २०८०/०८/१४ चलानी नं.: ६०२१०७६० LT. No.:295609
शहरः DUBAI
पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 15 | स. काममा दक्ष | 1500 | ५४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २८, २९ र ३० गते (13, 14 & 15 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

EAGLE MANPOWER CONSULTANT PVT. LTD.
License No.: 1606/079/080
वैदेशिक यात्राको भरपर्दो साथी
Head Office Location : Chakrapath, Kathmandu, Nepal, Head Office. : 01-5912955 , Butwal Branch: 071-533111
marketing@eaglemanpower.com.np www.eaglemanpower.com.np

## Chhayanatah Rara Municipality
## Office of the Municipal Executive
Gamgadhi, Mugu

### Invitation for E-Bids

**(Date of publication : 2081-07-22)**

1. Chhayanath Rara Municipality invites electronic bids form Nepalese bidders for the construction of following project in Chhayanath Rara Municipality, Mugu. Under National Comperative Bidding procedure. The name and identification of the contract are as follows.
2. For more information please visit PPMO e-GP System www.bolpatra.gov.np/egp or contact Chayanath Rara Municipality, Office, Mugu, Phone : 087-460253, 9858322618 & 9842574867.

| S. N. | Description of work | Contract Identification No | Estimated Cost (Without VAT) | Cost Of Bidding Document- (NRS). | Bid Security Amount Nrs. | Last date of Submission of Bids. | Bid Opening date | Validity for bid Security |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Excavation and collection of stone, gravel, sand ( river material ) from the Karnali River area other Tributaries within the Chhayanath Rara Municiaplity. | CRM/ NCB/08/2081-082 | 49,58,236.85 | 3,000.00 | कबोल अंकको ५ % | 2081/08/23 12:00 PM | 2081/08/23 13:00 PM | 2081/12/24 |

मध्यान्ह
www.madhyanhadaily.com



# गच्छे–भालुवाङ सडक कालोपत्रे गरिँदै

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, २१ कात्तिक

सडक पूर्वाधार विकास कार्यालय अर्घाखाँचीले सडक निर्माणको कार्यलाई प्रभावकारी रूपमा फास्ट ट्र्याकमार्फत द्रुत गतिमा अघि बढाएसँगै जिल्लाभर सडक निर्माणको कामले गति लिएको छ । अर्घाखाँचीको गौरवको योजना गच्छे भालुवाङ सडकको लामा तालसम्म सडकको ग्राभेल गर्ने काम सकिएपछि अहिले सन्धिखर्क ७ खाचिकोट गच्छे खोलाबाट ढिकुरासम्म ५ किलोमिटर कालोपत्रे गर्ने काम शुरु भएको छ । सडकमा अम्मर निर्माण सेवाले कालोपत्रेको तयारी अगाडि बढाएको कार्यालय प्रमुख गोपिराज पुनले जानकारी दिए ।



कार्यालय प्रमुख पुनका अनुसार कार्यालयले ठूला साना गरी दर्जनौं आयोजनाका कामहरू द्रत गतिमा अगाडि बढेको छ । उनले भने, 'प्रदेश सरकारको योजना अनुसार हामिले अहिले असोज महिनाभित्र सबै योजनामाको टेन्डर लगाउने तयारी गरेका थियौं । बीचमा चाडपर्व परेको कारण केही योजनाको काम बाँकी छ, तर कात्तिक महिनाभरीमा बाँकी रहेका योजनाहरुको टेन्डर गर्ने गरी कार्यालय अगाडि बढेको छ ।'

कार्यालयले सडक निर्माण र केही ठाउँमा पुल निर्माणको कामलाई गत वर्ष जस्तै निरन्तरता दिएको छ । जिल्लामा केही ठूला बहुवर्षीय आयोजना चाड पर्वका कारण निर्माणको काम रोकिएको भएपनि अब ती योजनाहरुमा काम द्रुत गतिमा अगाडि बढेको पुनले दाबी गरे ।

भूमिकास्थान नगरपालिका टोड्केदेखि लामातालसम्म ३० किलोमिटर सडक गतवर्ष ग्राभेल गर्ने काम सम्पन्न भएको भएपनि यस वर्ष परेको अविरल वर्षाका कारण केही ठाउँमा क्षति पुऱ्याएकोले ती ठाउँहरुमा मर्मत सुधार गरी बाटो सुचारु गरिएको छ ।

गत असार महिनामा टेन्डर गरेको सन्धिखर्क ७ गच्छेखोलादेखि भूमिकास्थान नगरपालिका वडा नम्बर ९ ढिकुरासम्म ५.५० किलोमिटर कालोपत्र गर्ने काम पनि यस वर्ष शुरु भएकोले काम छिटो हुने तर बजेटको समस्या यथावत् रहेको पुनले सुनाए । पुनका अनुसार मालारानी पहुँचमार्ग अन्तर्गत पर्ने चेहेनडाडा डिभर्ना खन खनदह डाँडाकटेरी सडकको काम अहिले द्रुत गतिमा अगाडि बढिरहेको छ । सिद्धार्थ अम्मर जेभीले २०७९ सालमा सम्झौता गरी यस वर्ष सो काम सम्पन्न गर्ने गरी कार्यालयसँग सम्झौता गरेको सडकमा अहिले ४० प्रतिशत वित्तीय प्रगति ५० प्रतिशत भौतिक प्रगति भएको कार्यालयमाको दावी छ ।

बहुवर्षीय सडक भएको कारण निर्माण व्यवसायी बसन्त भुसालले २० करोड ७० लाख ८९ हजार ५ सय पच्चीस रुपैयाँमा सडक कार्यालय अर्घाखाँचीसँग सम्झौता गरी काम शुरु गरेको र काम समय अगावै पैसा सरकारले दिएमा पूरा गर्ने लक्ष्य राखिएको व्यवसायी भुसाल बताउँछन् । अहिले काम द्रुत गतिमा अगाडि बढेको छ । सडक पूर्वाधार कार्यालयको प्रदेश गौरवको आयोजना सन्धिखर्क धारापानी चुजाठाँटी सडक पनि हो । रामपुर-कपुरकोट सडक योजनाको काम पनि अहिले अगाडि बढिरहेको छ । यो सडकको भौतिक प्रगति झण्डै ६० प्रतिशत भएको छ भने २०७८ सालमा एसपी ब्रदर्स अर्याल जेभीले २५ करोड ८६ लाख ९६ हजार ६ सयमा सम्झौता गरी काम शुरु गरेको सडक यस वर्ष सम्पन्न गर्नुपर्ने निर्माण व्यवसायीलाई बाध्यता भएको कार्यलय प्रमुख पुनले बताए ।

पुनका अनुसार सडक कार्यालय अर्घाखाँचीसँग २०७७ सालमा सम्झौता गरी कन्काई जयमाता अम्बर जेभीले २१ करोड ८४ लाख ९ हजार ८ सय ६४ रुपैयाँको लागतमा डिभर्ना जर्रे दोला धारापानी छत्र गन्ज मोडलेचौर सिमिचौर जोड्ने सडकको सडकको भौतिक प्रगति ६० प्रतिशत भन्दामाथि रहेको छ । यो सडकको काम द्रुत गतिमा अगाडि बढ्न सकेको छैन । निर्माण व्यवसायीले सडकको काम यस वर्ष सम्पन्न गर्ने बताएपनि काम सम्पन्न हुने सम्भावना कम रहेको प्राविधिकहरु बताउँछन् ।

वल्कोट-तम्घास खडकखण्डको काम निर्माण व्यवसायीको लापरबाहीका कारण काम अगाडि बढ्न नसकेकोले ती व्यवसायीलाई कारबाही प्रकिया अगाडि बढाएपछि अहिले कछुवाको गतिमा काम शुरु भएको छ । जिल्लामा ५ ओटा ठूला सडक वहुवर्षीय छन् । जुन चालू वर्षमा सम्पन्न हुने छन् । यस पटक धेरै सडकहरु निर्माण हुँदा दशैं तिहारमा अर्घाखाँची घरमा आएकाहरु जिल्लाको विकास देखेर निकै खुसी देखिन्थे ।

कार्यालय प्रमुख पुनलेले भने, 'गच्छे भालुवाङ सडकलाई पहिलो प्राथमिकतामा राखिएको छ । जुन सडक जिरो किलोमिटरबाट अहिले कालोपत्रे गरिँदै छ ।' यो सडक प्रदेश राजधानी दाङ जोड्ने सडक भएकोले अर्घाखाँची गुल्मी पाल्पाबासीका लागि यो सडक निकै महत्वपूर्ण मानिन्छ । सडकको लामातालसम्म ग्राभेल सम्पन्न भएको छ । कुनै ठाउँमा वर्षादका कारण पहिरो जाँदा क्षति पुगेपछि निर्माण व्यवसायी मर्कामा परेका थिए । सो सडकको लामातालदेखि भालुवाङसम्म यस वर्ष ट्र्याक खोल्न सकेमा सन्धिखर्कबाट २ घण्टामा प्रदेश राजधानी पुगिनेछ । जुन लुम्बिनी प्रदेशको राजधानी जोड्ने ट्र्याक खोल्न बाँकी रहेको छ । सो ठाउँमा ट्र्याक खोल्न प्रदेश सरकारले चासो दिनुपर्ने स्थानीयबासी बताउँछन् । पुनका अनुसार घुम्ती पाल्पा सडक नरपानी नुवाकोट सडकको काम यस वर्ष सम्पन्न हुनेछन् । जुन सडकको काम गत वर्षको असारबाट शुरु भएको थियो ।

# लहान बजारमा छठ पर्वको चहलपहल

**प्रदिप सिंह/मध्यान्ह**
लहान, २१ कात्तिक



मिथिला क्षेत्रको महत्वपूर्ण पर्व छठ शुरु भएसँग लहान बजारमा छठ पर्वका सामग्री खरिद गर्ने उपभोक्ताहरूको भिड बढेको छ । यो पर्व विशेषगरी सूर्य उपासना र प्राकृतिक स्रोतहरूको सम्मान स्वरूप मनाइन्छ । छठ पर्व विशेषतः नेपालका मधेश र भारतका बिहार, उत्तर प्रदेशलगायतका क्षेत्रहरूमा भव्यरूपमा मनाइन्छ । यस पर्वमा सूर्यदेवलाई अर्घ दिने, पवित्र नदीमा स्नान गर्ने र विशेष प्रकारका पकवान तथा सामग्री चढाउने परम्परा छ ।

छठ पर्वको शुरुवातको एकिन मिति स्पष्ट नभए पनि यो वैदिककालदेखि नै मनाइँदै आइएको धार्मिक परम्परा हो । हिन्दु धर्मशास्त्रका अनुसार छठ पर्वमा सूर्यदेव र छठी माताको पूजा गरी दीर्घायु, सन्तान सुख र परिवारको कल्याणको कामना गरिन्छ ।

**मूल्य वृद्धिले असर**

लहान बजारमा छठ पर्वका सामग्रीहरूको मूल्यमा उल्लेखनीय वृद्धि भएको छ । यस वर्ष उखुको मूल्य प्रतिपिस १० देखि २० रुपैयाँसम्म छ भने नरिबल ६० रुपैयाँ, भोगटे २० रुपैयाँ, केराप्रति घौउर ५० देखि ७ सय, अर्गौडी ५० रुपैयाँ प्रतिपाउ बिक्री भइरहेको छ । छठको विशेष सामग्री माटोको हात्तीको मूल्य २ सय रुपैयाँ तोकिएको छ ।

कुम्हार समुदायका व्यवसायीहरूले चाडपर्वका समयमा राम्रो आम्दानीको अपेक्षा गरेका थिए, तर यसपल्ट अपेक्षाकृतरूपमा सन्तोषजनक मूल्य प्राप्त नभएको उनीहरु बताउँछन् । एक व्यवसायीले भने, 'सरकारले कुनै पनि प्रकारको सहुलियत दिएको छैन । हामीले वर्षको केही महत्वपूर्ण पर्वहरूमा मात्र राम्रो आम्दानी गर्ने अवसर पाउँछौं । यो वर्ष मूल्य उचित नभएमा अब वैकल्पिक रोजगारका लागि विदेश जानुपर्ने अवस्था आउन सक्छ ।'

बजारमा ढकिया, नाङ्लो, र कोनियाको मूल्य पनि बढेको छ । ढकिया प्रतिपिस ४ सय रुपैयाँ, नाङ्लो ३ सय ५० रुपैयाँ र कोनिया १ सय ५० रुपैयाँमा उपलब्ध छ ।

# घट्दै डेंगु संक्रमण



**काठमाडौं/मस–** नेपालमा डेंगु सङ्क्रमण घट्दै गएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले जाडो बढ्नुका साथै सरकारले डेंगु सार्ने लामखुट्टे नियन्त्रण अभियान सञ्चालन गरेपछि कात्तिकयता संक्रमण घट्दै गएको बताए ।

सरकारले डेंगुको संक्रमण बढ्न थालेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालयमा र अस्पताल परिसरमा सरसफाइ गर्नुका साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गरिरहेको छ । उनका अनुसार अहिले नेपालमा ४२ औं हप्ताबाट डेंगु संक्रमण घट्न थालेको हो । नेपालमा अहिले डेंगु संक्रमणको ४५औं हप्ता चलिरहेको छ ।

डा.दाहालले ४२औं हप्तामा मात्रै दुई हजार पाँच सय ८२, ४३ औं हप्तामा दुई हजार दुई सय चार, ४४ औं हप्तामा एक हजार ७१ र ४५औं हप्ता चलिरहँदा ५५ जनामा मात्र संक्रमण देखिएको जानकारी दिए ।

'जाडो बढेसँगै डेंगु संक्रमण घटिरहेको छ', उनले भने, '४५ हप्तामा आइपुग्दा फाट्टफुट्ट मात्र देखिन थालेका छन् । संक्रमण घटेपनि सावधानी अपनाउनुपर्छ ।'

अहिलेसम्म २९ हजार एक सय ५८ मा सङ्क्रमण भएको भन्दै १२ जनाको निधन भएको किटजन्य रोग शाखाका प्रमुख डा.दाहालले जानकारी दिए । उनका अनुसार डेंगु संक्रमण हुम्ला बाहेक सबै जिल्लामा देखिएको छ । सबैभन्दा बढी कास्कीमा सात हजार दुई हजार २४ जनामा डेंगु संक्रमण देखिएको छ । पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेंगु रोग लाग्दछ ।

**उपत्यकामा छ हजारभन्दा बढीमा संक्रमण**

उपत्यकामा छ हजार छ सय १२ जनामा डेंगु संक्रमण देखिएको छ । काठमाडौंमा चार हजार पाँच सय ९५, भक्तपुरमा आठ सय ३१ र ललितपुरमा एक हजार एक सय ८६ जनामा डेंगु संक्रमण देखिएको हो ।

# राराको काकाकुल बस्तीमा खानेपानी पुऱ्याउने योजनाको काम शुरु

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २१ कात्तिक



जुम्लाको तिला गाउँपालिका-१ रारा गाउँका गाउँका नागरिकहरु वर्षौंदेखि खानेपानीको समस्या झेल्दै आएका छन् । विभिन्न योजना सञ्चालन गरिएपनि प्रभावकारी कार्यान्वयन नहुँदा रारावासी अहिलेसम्म खानेपानी अभाव भोग्न बाध्य छन् ।

केही समय पहिले अघि संघीय खानेपानी कार्यालय जुम्लाबाट तिला-९ ढीपुबाट खानेपानी ल्याउने पञ्चवर्षीय योजना शुरु गरिएपनि पनि उपभोक्ता समिति र कार्यालयले राम्रोसँग काम नगरेका कारण योजना सफल हुन सकेन ।

संघीयतापछि आएको स्थानीय सरकारले ५० लाखमा गाउँमा खानेपानी लिफ्टिङ योजना बनाइयो । पानी गाउँमा पुगेन । अहिलेसम्म रारागाउँ काकाकुल छ ।

त्यस्तै तिलागाउँपालिकाका उपाध्यक्ष गोरीकला बुढाले उक्त खानेपानी योजनाको यही कात्तिक ६ गते शिलान्यास गरिएको बताइन् । उनले तत्काल काम शुरु गर्नका लागि पानीको मुहान भएको गुम्छा गोईला भन्ने ठाउँमा कामदारको टोली तत्काल जाने बताइन् । उनका अनुसार गत वर्ष शक्ति बहादुर बस्नेत खानेपानी तथा उर्जा मन्त्री हुँदा संघीय सरकारले ५० लाख बजेट हालेका थिए । उनले केही रकम पालिका र जल परियोजना सहयोग गरेको बताइन् ।

त्यसपछि काम हुन सकेन । उनका अनुसार नेकपा माओवादी केन्द्रबाट प्रतिनिधिसभा सदस्य सांसद छिरिङ ल्यामो लामा तामाङ र पालिकाकाका जनप्रतिनिधिको पहलमा राट्रिय योजना आयोगबाट १ कारोड ५० लाख बजेट आएपटि काम शुरु गरिएको छ । योजना २०८३ सम्म सम्पन्न हुने हो ।

त्यस्तै तिला गाउँपालिकाका प्रमुख प्रशसकीय अधिकृत टेक बहादुर बुढथापाले शिलान्यासको काम सकेर जिम्मेवारी पाएको टिम कामतर्फ लागेको बताए । उनले पहिलो चरणको खरिद सामग्रीको काम शुरु भएको बताए । उनले पालिकाको रारा खानेपानीको लागि बजेट माग गरेको थियो ।

पालिकाले मागेबोमोजिमको रकम गत साल आएन । उनका अनुसार नेकपा माओवादी केन्द्रबाट प्रतिनिधिसभा सदस्य सांसद छिरिङ ल्यामो लामा तामाङले पहल गरेपछि यस पटक राट्रिय योजना आयोगबाट १ कारोड ५० लाख रकम आएको हो । सांसद लामा तामाङको पहलमा यस पटक राष्ट्रिय योजना आयोगले विषेश योजना अन्तर्गत राखेर बजेटको व्यवस्था गरेको हो ।

त्यस्तै तिलाको रारा गाउँमा तीन वर्षभित्र सम्पन्न हुने खानेपानी अयोजनाको आर्थिक वर्ष २०८०/८१ मा पालिकाले ५ कारोड ९१ लाखको टेण्डरे आह्वान गरेको थियो । ठेक्का आह्वान गरेकोमा चार करोड ४ लाख ३६ हजार ७७ रुपैयामा निर्माण कम्पनी शिवदेउती, सुलोचना, बजु जेभीसँग तीन वर्षभित्र खानेपानी गाउँमा पुऱ्याउने गरी सम्झौता भएको प्राविधिक शाखाका प्रमुख धन प्रसाद चौलागाईंले बताए । जुम्लाको तिला गाउँपालिका-१ मा रहेको रारा गाउँ अहिलेसम्म खानेपानीको चरम समस्या वर्षौंदेखि हुँदै आएको छ । नेकपा माओवादी केन्द्रबाट प्रतिनिधिसभा सदस्य सांसद छिरिङ ल्यामो लामा तामाङको पहलमा राट्रिय योजना आयोगले विषेश योजनामा राखिएको यो आयोजना पानी खाने पाउने पर्खाईंमा राराका नागारिक रहेका छन् । नेकपा माओवादी केन्द्रबाट प्रतिनिधिसभा सदस्य सांसद छिरिङ ल्यामो लामा तामाङले रारागाउँका नागरिकको खानेपानीको समस्यालाई बुझेर सहयोग गर्ने सम्पन्न सबैलाई आभार व्यक्त गरिन् । उनले भनिन्,'काम शुरु भएको छ । विकासमा कुनै राजनीतिक गर्न हुँदैन ।' सबै लागेर यहाँको योजना सफल जान अनुरोध गरिन् । उनले भनिन्,'यहाँका नागरिकलाई खानेपानी पुऱ्याउने हाम्रो पनि दायित्व हो ।' पालिकाका अध्यक्ष मोतीलाल रोकाया उपाध्यक्ष गोरीकला बुढा लगायतको टिमले पालिकाबाट योजना माग गरेका थिए ।

# पाँच केजी सुनसहित तीन जना पक्राउ



**काठमाडौं/मस–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पाँच किलो सात सय ग्राम सुनसहित तीन जना पक्राउ परेका छन् ।

एयर अरेबियाको विमान चढेर शारजाहबाट काठमाडौं आएका एक जना चिनियाँ र दुई जना म्यान्माका नागरिकलाई मंगलबार साँझ पक्राउ गरिएको सशस्त्र प्रहरी बल नेपाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ ।

अभियुक्तहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा राखेर अनुसन्धान थालिएको छ ।

यसैबीच चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट सुन जस्तो देखिने धातु ५ सय २ ग्रामसहित कैलाली टिकापुर नगरपालिका-४ घर बताउने २३ वर्षीय एलिस ढकाललाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

उक्त स्थानमा खटिएको प्रहरीले नेपालगंजदेखि काठमाडौंतर्फ आउँदै गरेको लु.प्र.०३-००१ ख ००९९ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार ढकाललाई उक्त धातुसहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

यसैबीच चाँदीको जस्तो देखिने नक्कली नोटको कारोबारमा संलग्न रहेको अभियोगमा भक्तपुर सूर्यविनायक नगरपालिका-८ सिपाडोलस्थित ईन्द्र ज्वेलर्स सुनचाँदी पसलका संचालक भक्तपुर नगरपालिका-७ बस्ने ३० वर्षीय सोहिल शाक्यलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा नेपाल राष्ट्र बैंकबाट जारी गरेको नेपाली एक हजार र ५ सय दरका नोट जस्तो देखिने चाँदीको नक्कली नोटहरू (खोटा मुद्रा) निर्माण गरी कारोबार समेत भइरहेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

प्रहरीले उनको पसलबाट सेतो प्लाष्टिकले लेमिनेसन गरेको चाँदीको जस्तो देखिने नेपाली एक हजार दरका १ सय १३ थान र ५ सय दरका २८ थान नक्कली नोटहरू फेला पारी बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# देउसी भैलोबाट १ लाख २७ हजार रुपैयाँ संकलन



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २१ कात्तिक

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ४ छिनखेतमा रहेको चन्द्र ज्योति आधारभूत विद्यालयले विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिको संयुक्त टिमले तिहारको अवसरमा देउसी भैलो खेलेको छ ।

देउसी भैलोबाट १ लाख २७ हजार २ सय रुपैयाँ संकलन भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रजंग मल्लले बताए । देउसी भैलो २ दिन खेलिएको थियो ।

विद्यालयको गुणस्तरीय शिक्षा र भौतिक पूर्वाधार व्यवस्थापनमा थप टेवा पुग्ने उद्देश्यले देउसी भैलो खेलिएको विद्यालयले जनाएको छ ।

# सञ्चार सेवा सहज बनाउन मन्त्री गुरुङको निर्देशन



**मनाङ/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सञ्चार सेवा सहज बनाउन निर्देशन दिएका छन् ।

सञ्चारमन्त्री गुरुङले जिल्ला हुलाक कार्यालयको अनुगमन गर्दै जिल्लाका सबै क्षेत्रसम्म सञ्चार सेवा सहज बनाउन निर्देशन दिएका हुन् ।

सो अवसरमा उनले टेलिफोन नेटवर्कका बारेमा स्थानीयको रायसुझाव लिएका थिए । यसैगरी जिल्लास्थित सरकारी कार्यालयहरुको अनुगमनपछि सञ्चारमन्त्री गुरुङले बेसिशहर-चामे सडक निर्माणलाई तीव्रता दिन आग्रह गरे । उनले भने, 'हरेक क्षेत्रका व्यक्ति सञ्चार सेवाबाट वञ्चित हुनु हुँदैन, हुलाक र टेलिकम सेवालाई सहज बनाउन आवश्यक छ ।'

मध्यान्ह
www.madhyanhadaily.com
२२ कार्तिक २०८१, बिहीबार
7 November 2024, Thursday

## सम्पादकीय

# मनाङेले देखाएको ऐना

२० वर्ष भन्दा पुरानो मुद्दामा सर्वोच्च अदालतले गण्डकी प्रदेशका पूर्वमन्त्री राजीब गुरूङ उर्फ दीपक मनाङेलाई दोषी ठहर गरेको छ। २०६१ सालमा गुण्डा पृष्ठभूमिकै चक्रे मिलनलाई हत्या प्रयासको आरोपमा मनाङेविरूद्ध मुद्दा चलिरहेको थियो । सर्वोच्चले अन्तिम फैसला सुनाउँदै मनाङेलाई ज्यान मार्ने उद्योग अन्तर्गत पाँच वर्ष कैद सजाय सुनाएको छ । यो फैसलापछि मनाङेले कैद भुक्तान बाँकी अबधि अब जेल बस्नुपर्नेछ । यसअघि उनी २८ महिना कारागार बसेका थिए । कारागारबाट छुटेपछि मनाङे केही राजनीतिमा लागे। २०७४ सालको प्रदेश सभा चुनावमा उनी मनाङबाट निर्वाचित भए। चुनाव जितेपनि केही समय फरार थिए । तर सत्ता संघर्षका क्रममा मुद्दा खेपिरहेका मनाङे गण्डकी प्रदेशका मन्त्री भए।

तत्कालीन नेकपाको विवादकै कारण मन्त्री बन्ने अवसर पाएका मनाङे त्यसपछि लगातार मन्त्री बनिरहे। उनी आफै मन्त्री माग्दैनथे। बरू मनाङेलाई मन्त्री बनिदिन आग्रह हुन्थ्यो । सत्ता गठबन्धनको तानातानमा पर्थे । २०७९ सालको चुनावमा उनी निर्विरोध भए । तत्कालीन पाँच दलीय गठबन्धन र एमालेले समेत समर्थन गरेपछि मतदानको सामना गर्नुपरेन । निर्विरोध सांसद भएका उनलाई फेरि मन्त्रीकै अफर आयो, मन्त्री भए। गत १७ असारमा कांग्रेस–एमालेबीच सत्ता सहकार्य हुँदा पनि उनलाई मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले हटाउन चाहेका थिएनन्। आफूलाई मुख्यमन्त्री बन्न सहयोग पुऱ्याए बापत मनाङेलाई मन्त्रीमै निरन्तरता दिन चाहेका थिए, वन मन्त्री बनिदिन आग्रह गरिएको थियो। तर मनाङे आफैले मन्त्री नबन्ने भनेर राजीनामा बुझाए।

अहिले तिनै मनाङे ज्यान मुद्दामा दोषी ठहर भएका छन् । फैसला बमोजिम मनाङे कारागार जानेछन्, तर एउटा अभियुक्तले ६ पटकसम्म मन्त्री बन्ने अवसर पाउनुको नैतिक जवाफ भने प्रमुख दलका नेतृत्वले दिनुपर्नेछ । नेपालको राजनीतिमा कस्ता व्यक्तिहरू मन्त्री र सांसद छन् भन्ने गलत सन्देश जानुको जवाफदेहीता प्रमुख दलहरू सबैले दिनुपर्नेछ। किनकि मनाङे पटकपटक मन्त्री बनिरहने अवसर कुनै एउटा दल र तिनका नेता विषेशका कारणले मात्र सिर्जना भएको थिएन। त्यसैले मनाङे जेल बस्दै गर्दा राजनीतिक नेतृत्वको नैतिकता पनि कैद हुनेछन् । नेतृत्वले चाहे मनाङेले देखाएको तस्वीरबाट सुधारको यात्रा पनि थाल्न सक्छन्। तर नसच्चिने हो भने थप संकटको संकेत समेत हो, मनाङे प्रकरण।

# छठ पर्व : संस्कृति र विज्ञानको सम्मिश्रण

*बेलुकीपख डुब्न लागेको सूर्यलाई अर्घ्य दिई पानीमा डुबुल्की मार्दै, मनोरञ्जन गर्दै गीत, नृत्य, भजनसहित रातभर जाग्राम बसेर छठ पर्व मनाउने धार्मिक, सांस्कृतिक पर्व विश्वकै लागि एक अनुपम रहेको छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'


शुभकामना दिइँदा दसैँदेखि छठसम्मको एकै पटक दिइने हाम्रो बानी बसिसकेको छ । हुन पनि दसैँ तिहारपछि नै लगत्तै छठ सुरु हुने गर्दछ । यो पर्व यसपटक कार्तिक २२ गते परेको छ । झन्डै एक हप्तासम्म धूमधामसँग मनाइने गरिन्छ यो पर्व । कार्तिक शुक्ल चौथीमा स्नान, दान, धर्मका साथ सुरु हुने छठ पर्वको विशेष रौनक षष्ठी तिथि नै हो । मिथिला संस्कृतिको अभिन्न अङ्ग बनेको छठ पर्व भन्नु ऊर्जाको केन्द्र सूर्यको उपासना नै हो ।

यो संस्कृतिको प्रमुख धरोहर छठको परम्पराले मैथिल-थारुलगायत भोजपुरी, अवधिदेखि पूरै हाम्रो तराई क्षेत्र ओगटेको छ । पर्व सञ्चालनको क्रममा केही वर्ष यतादेखि त काठमाडौंको गौरीघाट, नाग पोखरी, रानी पोखरी, सबैजसो नदी किनारा नै ढाकेको देखिन्छ। वि.सं. २०४६ देखि राष्ट्रव्यापी चाडको रूप लिएको छठ पर्वमा छठी माताको पूजा गरिन्छ। शुक्ल षष्ठीमा विशेष धूमधामका साथ मनाइने भएकाले यस पर्वको नाम छठ रहेको हो । हरेक जन्मदिनमा दीर्घायु र सु-स्वास्थ्यको कामना गर्दै गरिने अष्टचिरन्जीवि भनौँ व्यास, बलि, हनुमान, विभीषण, प्रह्लाद, मार्कण्डेय, अश्वत्थामा, परशुरामको पूजा उपासना गर्दा षष्ठिका देवीको पूजा उपासना गर्नुपर्ने हुन्छ । सत्ययुगमा अत्रि ऋषिकी पत्नी अनसूयाबाट पनि षष्टिका माताको पूजा उपासना भएको पौराणिक मान्यता छ भने चन्द्रमाको जन्म उनै अत्रि अनसूयाको गर्भबाट भएको हो । संसारको सत्य सूर्य, चन्द्र, धर्ती, आकाश भनौँ ब्रह्माण्ड नै हो । त्यसैले आद्य गुरु शङ्कराचार्यको कथन छ, 'ब्रह्म सत्यं जगत् मिथ्या' ।

भूकम्प, कोभिड, डेङ्गु, बाढी, पहिरो अनेकौँ समस्या छन् हाम्रा । धेरैलाई विगतझैं यसपालि पनि दसैँ खल्लो भयो, मनसुनका कारण, ठूलो चाड तिहार पनि अनियन्त्रित बजारले यस्तै-यस्तै भयो। यसपालि लक्ष्मी पूजामा बिजुली अधिक खपत भएको देखियो । यसपालि फूल मालाहरू विदेशबाट आयात नगरिए पनि अन्य धेरै सामान आयात नै गर्नु परेको छ। तिहार बजार पनि धेरै नै महँगो भयो, भाइ मसला धेरै महँगो रह्यो, आफ्नो उत्पादन नहुँदा। पटाका नपड्काउने भनियो, रातभरि पड्किइरह्यो, ठूलो स्वरमा साउन्ड सिस्टमले तिहारभरिको निद्रा हराम नै भयो, अनुगमन फितलो रह्यो ।

पूर्व दिशाबाट झुल्कने सूर्यका अल्ट्राभाइलेट किरणमा जीवात्माका लागि अत्यावश्यक भिटामिन ए र डी पाइन्छ। सौर्य किरणमा अनन्त ब्रह्माण्डीय ऊर्जा शक्ति हुन्छ । सप्तरङ्गी इन्द्रेणीसमेत मिश्रण सौर्य किरणबाट आज विज्ञानले अनेकौं सुविधायुक्त चमत्कार देखाउँदै छ । संसारकै लागि वैज्ञानिक बनेको वैदिक शास्त्रअनुसार मानिसको आत्म कारक ग्रह सूर्य नै हो । अथर्ववेदले सूर्य किरणमा मानवरोग निवारणको प्रचुर शक्ति हुन्छ भनेको छ। निरोगिता, आयु, आरोग्य, देह पुष्टि, बल बर्द्धनका लागि छठको पर्वको रूपमा पूजा आरम्भ भएको सूर्य पूजाको परम्परा हिजोआज प्रमुख सहरहरूदेखि काठमाडौंको धेरै क्षेत्र, पशुपतिको सूर्यघाट, आर्यघाट, विष्णुमतीको छेउछाउ मात्र नभएर अधिकांश मठ, मन्दिर एवम् नदी किनारासम्म पुगेको छ । जनकपुरको जानकी क्षेत्र र काठमाडौंको रानी पोखरी क्षेत्रमा त भव्य विवाह उत्सवझैँ झकिझकाउ नै हुने गरेको हो अतीतमा । ०७२ को भूकम्पपछि निरस बनेको रानी पोखरी हाल हराभरा भएको छ, माथिबाट खन्याइएको पानी नै भए पनि हेर्न लायक भएको छ। त्यसो त त्यसैको बिच भागमा रहेको यमलेश्वर भनौं बाल गोपालेश्वर मन्दिरले पनि पुनर्जीवन प्राप्त गरेको छ ।

अविवाहितहरूले विवाहपछिको दाम्पत्य सुख र विवाहितहरूले असल पारिवारिक जीवनीको चाहना राखी उदाउँदो सूर्यलाई अर्घ्य दिई एकाबिहानै घाट वा नदी तलाउ किनारमा बसी उपासना गर्ने परम्पराको थालनी अत्रि पत्नी अनसूयाबाटै भएको पाइन्छ। पतिव्रता अनसूयाले पतिको दीर्घायुको कामना गर्दै छठी माताको पूजा गरी



आरम्भ गरेको छठ पर्वले द्वापर युगसम्म निरन्तरता पाइरह्यो । श्रीकृष्ण पुत्र शाम्बले कुष्ठरोग निवारण हेतु यो व्रत गरेको कुरा भविष्य पुराणमा वर्णित छ। वेदले बताएको सम्पूर्ण जीव र जगतको आँखा रूप सूर्य पूजाबाट अन्य मनोकामना पनि पूरा हुने विश्वास गरिन्छ । पौषमा हिन्दु नारीहरू हरेक आइतबार सूर्य उपासना गर्ने गर्छन् भने तागाधारी (जनै लगाउने)हरूले जप्ने सूर्य गायत्री मन्त्रले आत्मिक चुरो, भित्रिबल, दृढ इच्छा शक्ति, मनोबल वृद्धि हुने कुरा वैज्ञानिकहरूले पुष्टि गरेका छन्। मानवको उषाकलादेखि जीवन्त सौर्य ऊर्जाले संसारकै प्राणीलाई हित गर्छ भने अघि च्यवन ऋषिकी पुत्री सुकन्याले षष्ठीका व्रत गरेर छठ पूजा गरी अश्विनीकुमारहरू मार्फत आफ्ना अन्धा पति च्यवनलाई उपचार गरी पुनर्दृष्टि प्रदान गरेकी थिइन्। छठ पूजा समूहमा आबद्ध भएर गरिने पर्व विशेष हो । अघि महाभारत कालमा पाँच पाण्डवहरूले आफ्नो गुप्त बासको, वन बासको समय समूहबद्ध भई सूर्योपासना गरेका थिए जसबाट सूर्यदेव खुसी भई पाण्डवहरूलाई शक्ति सञ्चयको आशीर्वाद प्राप्त भएको थियो ।

सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता शिवको संयुक्त रूप भनेको सूर्य नै हो । सम्पूर्ण प्राणीमात्रको आत्माको रूपमा रहेको सूर्यले प्राणीहरूलाई ताप शक्ति दिन्छ। न्यानोपना नभए प्राणीको जीवन जीवन्त हुन सक्दैन। कार्तिकदेखि बिस्तारै बढी जाडो हुने गर्छ, यसैले पनि मानिसहरू ताप शक्तितिर लाग्नु स्वाभाविक हो । शीतलताको कारक, मानिसको मनको ऊर्जा स्रोत भनेको चन्द्रमा हो । सूर्यले दिनमा महत्व दर्साएझैँ चन्द्रमाले रातमा आफ्नो मनमोहक उपस्थिति दर्साएको हुन्छ । शारदीय रात्रिमै भगवान् श्रीकृष्णले संसार चकित पार्ने रासलीला रचाउनु भएको थियो, यसै कार्तिक शुक्ल रात्रि हो । दिन र रात, सुख र दुःख मानव जीवनको पर्याय नै हो ।

जीवनको आरम्भ जलमा हुन्छ । जलतत्व, ज्वारभाटा, समुद्र चन्द्रमाबाट प्रभावित हुन्छ भने जीवनको सञ्चालन र पालना माटोमा हुन्छ । जल र माटो (पृथ्वी) दुवैको सञ्चालन भने आकाश (सूर्य) नै हो। हाम्रो स्थूल एक शरीरमा तीन सूक्ष्म शरीर सञ्चालन भइराखेको हुन्छ । पहिलो हो- माटो अर्थात् स्थूल शरीर (देखिने), दोस्रो हो मन (सूक्ष्म शरीर, नदेखिने) तेस्रो हो कारण शरीर आत्मा (झन् नदेखिने)। यसरी स्थूल, सूक्ष्म र कारण शरीर तीन वटैबाट मात्र हाम्रो जीवन जीविकोपार्जन भइराखेको हुन्छ । छठको दिन बेलुका चन्द्रमालाई खाना, खीर अर्पण गर्ने चलन पनि छ । यसको समष्टि भन्नु जल, माटो र अग्नि (ताप) हो। यी सबैको सामूहिक समर्पण भाव प्रकट गर्दै छठ पर्वमा माटोको घडासहित जलाशयमा उपस्थित भई फलफूल, मिठाइ, पक्वान्नहरू, नरिवल आदि लिई सूर्यदेवलाई खुसी पारिन्छ ।

बेलुकीपख डुब्न लागेको सूर्यलाई अर्घ्य दिई पानीमा डुबुल्की मार्दै, मनोरञ्जन गर्दै गीत, नृत्य, भजनसहित रातभर जाग्राम बसेर छठ पर्व मनाउने धार्मिक, सांस्कृतिक पर्व विश्वकै लागि एक अनुपम

*श्रीकृष्ण पुत्र शाम्बले कुष्ठरोग निवारण हेतु छठ व्रत गरेको कुरा भविष्य पुराणमा वर्णित छ। वेदले बताएअनुसार सूर्य पूजाबाट नै सम्पूर्ण जीव र जगतको मनोकामना पूरा हुन्छ। नारीहरूले सूर्य उपासना गर्ने गर्छन् भने पुरूषहरूले सूर्य गायत्री मन्त्र जप्छन्। जसले आत्मिक चुरो, भित्रिबल, दृढ इच्छा शक्ति, मनोबल वृद्धि हुने कुरा वैज्ञानिकहरूले पुष्टि गरेका छन्।*

रहेको छ । भोलिपल्ट सप्तमीको सूर्योदय नहुँदै आफ्नो इच्छा सिद्धि होस् भनी वरदान माग्ने पनि चलन छ । भिन्सर अर्थात् बिहानै धुप, दीप, जल, पूजा अर्पण गर्दै सूर्य दर्शन गर्ने गरिन्छ । जीवनको नयाँ उत्साह र ऊर्जा प्राप्ति हेतु नवीनतम रस लिएर हरेक दिन उदाउने सूर्यको दृश्य अन्य दिनहरूमा पनि हेर्न लायक छ र त हामी कहिले भक्तपुरको नगरकोट, कहिले पूर्वको इलाम अन्तुडाँडा, कहिले पश्चिमको डडेलधुरा डाँडो पुग्ने गर्छौं । त्यहाँ महाभारतको डाँडाबाट सूर्यास्तको समेत दृश्य हेर्दा कसलाई रमाइलो नलाग्ला । मौका मिले समुद्रको एकै भागबाट सूर्योदय र सूर्यास्त हेर्न बङ्गालको खाडी र हिन्द महासागरको सङ्गम भारतको कन्याकुमारी क्षेत्र, स्वामी विवेकनन्द शिला स्थलबाट समेत दृश्यावलोकन गर्न विश्वकै पर्यटकहरूको घुइँचो लाग्ने स्थल पनि कम महत्वको छैन । जीवन आफैंमा यात्रा नै हो, घुमफिर नगरी कसरी बस्न सकिएला र ? जीवन आफैंमा यात्रा हो ।

## सामाजिक सञ्जाल



- सेतेमान तामाङ

अर्काको देशका मानिसहरू आफू वा देश सफल बन्न विभिन्न किसिमका आविश्कारको विकास गर्छन्, उद्योगधन्दा खोल्छन्, अध्ययन अनुसन्धान गर्छन् तर, हाम्रा देशका मानिसहरू आफू बन्न र देश डुबाउन भ्रष्टाचार, ठग र तस्कर गर्न अनेक लान्छना, आरोप, गाली, षडयन्त्र र आपसी द्वन्द्व गर्छन् ।



- हरिचन्द्र पाण्डेय

उदेश्यहिन, लक्ष्यहिन, गन्तव्यहिन, दिशाहिन भेडाहरूको बथानसँग यसो गरौं, उसो गरौं भन्ने राजनैतिक हैसियत र नैतिकता नभएकाले आन्दोलनमा जे-जे गर्न सक्नुहुन्छ गर्नुस् भन्या हो, होइन भने राजनीतिक कार्यक्रम उद्देश्यका लागि र निर्धारित सिमाभित्र हुने गर्दछ ।



- तपेन्द्र कार्की

प्रहरीले अनुसन्धानका लागि समय माग गर्दा अन्य आरोपीको हकमा इजलाशमा खासै बहस भएको पाइँदैन, विशिष्ट हुनुको नाता र फाइदा रवि लामिछानेले लिइरहेका छन् । उनी बाहिर आएपछि यही थिति बसाल्ने कानुन बनाउने प्रयास गरुन्। नोट : उनी अहिले विरामी भएर हिरासतबाट अस्पतालन बसेका छैनन्, यो सुखद पक्ष हो ।



- राधाकृष्ण कटवाल

चरित्र हत्या गर्ने, ज्यान मार्न आह्वान गर्ने, अरूलाई तथानाम गाली गरेर यूट्युब, फेसबुकको भ्यूज बढाउने अनि चर्चासँगै दाम कमाउने अन्तिममा आएर माफ मागेर छुट पाइन्छ भने कसले गर्दैन ? मान्छेलाई चाहिने नाम र दाम होइन ? अपराधिक क्रियाकलाप गर्नेलाई माफी होइन जेलमा कोच्नु पर्छ ।

# वैदेशिक रोजगारी र विकल्प

*वैदेशिक रोजगार कुनै पनि देशको लागि स्थायी स्रोत होइन। यसलाई वैकल्पिक एवम् अस्थायी स्रोतको रूपमा लिइनुपर्छ। जनसंख्या वृद्धि र प्रत्येक वर्ष श्रमबजारमा आउने श्रमशक्तिको अनुपातमा पर्याप्त उत्पादनशील र आयमूलक रोजगारीका अवसरहरूको सिर्जना स्वदेशमै गर्नु नै स्थायी समाधान हो।*

विचार



● भूमिका सिञ्जाली

नेपालमै रोजीरोटीको सहज उपलब्धता छैन। त्यसैले नेपाली श्रमिक विदेशी भूमि सिगार्न पुग्दछन् । नेपाली श्रमिकहरूको श्रम र पसिनाबाट विदेशी भूमि विकसित भएका छन् । वैदेशिक रोजगार कुनै पनि देशको लागि सुखद पक्ष होइन तापनि नेपालको सन्दर्भमा यो विकल्प नभएर अनिवार्य रोजाइ जस्तै भएको छ। यो रहर होइन, बाध्यता हने। दैनिक १५ सयभन्दा बढी नेपाली श्रमिकहरू वैदेशिक रोजगारीमा जान बाध्य छन् ।

### ■ रोजगारीको हक

रोजगारीको हक पाउनु प्रत्येक नागरिकको मौलिक हक हो। सम्मानपूर्वक बाँच्न पाउनु, आफ्नो रोजाइअनुसारको काम गर्न पाउनु नागरिकको अधिकार हो। कामको अवसर उपलब्ध नभएमा न्यूनतम आवश्यकता परिपूर्तिका लागि नागरिकलाई संरक्षण दिनु राज्यको दायित्व हो । आफ्ना नागरिकलाई रोजीरोटीको व्यवस्थापनसमेत गर्न नसक्ने राज्यले अरु धेरै कुरा गर्छु भन्नुको कुनै औचित्य हुँदैन । यद्यपि, बेरोजगारी मनोगत ढंगले अन्त्य गर्न सकिने विषय होइन । नेपाली श्रमिक युवामा स्वदेशमै रोजगारीको सम्भावना र भविष्य देखाउन नसक्नु राज्यको कमजोरी हो।

### ■ अस्थायी स्रोत

वैदेशिक रोजगार कुनै पनि देशको लागि स्थायी स्रोत होइन। यसलाई वैकल्पिक एवम् अस्थायी स्रोतको रूपमा लिइनुपर्छ । जनसंख्या वृद्धि र प्रत्येक वर्ष श्रमबजारमा आउने श्रमशक्तिको अनुपातमा पर्याप्त उत्पादनशील र आयमूलक रोजगारीका अवसरहरूको सिर्जना स्वदेशमै गर्नु नै स्थायी समाधान हो । जे होस्, वैदेशिक रोजगार नेपालीहरूका लागि आर्थिक समृद्धिको अवसर हो र यसबाट नेपालले मनग्य फाइदा लिन सक्नुपर्छ। विदेशबाट घर फर्केर आएका श्रमिकहरूको सीप र पुँजीको सदुपयोग गर्न सकियो भने त्यसले व्यापार व्यवसाय सिर्जनामा सुधार ल्याउन सक्छ र थप रोजगारीका अवसर प्राप्त गर्न मद्दत पुग्दछ ।

### ■ सीप र श्रमको संयोजन

शिक्षा जीवनसँग जोडिनुपर्छ । शिक्षालाई श्रमबाट अलग राख्नु सबैभन्दा ठूलो दुर्गुण हो । शिक्षालाई सीपसँग, सीपलाई श्रमससँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्नुपर्छ। सीप र श्रमको संयोजन गर्ने शिक्षाले मात्र हामीलाई आफ्नो खुट्टामा उभिन सक्ने बनाउँदछ । हातमा पासपोर्ट र भिसा बोकेर विदेशिन आतुर विद्यार्थी होइन, परियोजनासहित स्वदेशमै काम गर्ने तीव्र चाहना भएका विद्यार्थी उत्पादन गर्ने शिक्षा प्रणाली चाहिन्छ। बहुप्राविधिक र जीवनोपयोगी शिक्षाले मात्र दक्ष जनशक्ति उत्पादन गर्न सक्छ र त्यस्तो जनशक्ति रोजगारीको लागि 'हट केक' सावित हुन्छन्। विद्यार्थीको रुचि र चाहना अनि देशको आवश्यकताअनुसार सिकाउने नयाँ-नयाँ प्रविधि र विधिको प्रयोग गर्ने शिक्षा प्रणालीको खाँचो छ ।

### ■ मर्यादित र सुरक्षित वैदेशिक रोजगार

वैदेशिक रोजगार आफैंमा नराम्रो होइन । वैदेशिक रोजगारबाट देशले पाएको फाइदामध्ये रोजगारी, रेमिट्यान्स र सीप आर्जन प्रमुख हुन्। वैदेशिक रोजगारलाई मर्यादित र सुरक्षित बनाउने वातारण निर्माण गर्नुपर्ने हुन्छ । यो राज्यको कर्तव्य हो। को आए, को गए रेकर्ड राख्नु जरुरी छ । अलेखबद्ध (गैरकानूनी हैसियत) हुने अवस्थालाई रोक्नुपर्छ । महिला हिंसा, असमानता, मानवतस्करी र अनियन्त्रित श्रम पलायनलाई निरुत्साहित गर्ने कुरामा कहिँकतै र कोहीकसैसँग पनि सम्झौता हुनुहुँदैन। वैदशिक रोजगारका अव्यवस्थापन, ठगी र श्रमिकका पीडातर्फ राज्य संवेदनशील र जवाफदेही हुन आवश्यक छ।

### ■ रोजगारीको बाध्यता

विचार वैदेशिक रोजगार आफैंमा नराम्रो होइन । वैदेशिक रोजगारबाट देशले पाएको फाइदामध्ये रोजगारी, रेमिट्यान्स र सीप आर्जन प्रमुख हुन्। वैदेशिक रोजगारलाई मर्यादित र सुरक्षित बनाउने वातावरण निर्माण गर्नुपर्ने हुन्छ। यो राज्यको कर्तव्य हो। को आए, को गए रेकर्ड राख्नु जरुरी छ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | सम्पत्तिमा वृद्धि हुनेछ। स्वास्थ्य गडबड हुने योग छ। |
| वृष | : | प्रियजनसँग भेट हुनेछ। आध्यात्मिक लाभ मिल्नेछ। |
| मिथुन | : | रोकावटहरू समाप्त हुनेछन्। विदेश यात्राको योग छ। |
| कर्कट | : | नातागोताको सहयोग प्राप्त हुनेछ। स्वास्थ्य राम्रो रहनेछ। |
| सिंह | : | सामाजिक तथा राजकीय कार्यहरूमा वृद्धि हुनेछ। समय अनुकुल छ। |
| कन्या | : | दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ। भोजनमा ध्यान दिनुहोला। |
| तुला | : | अर्कामाथि भरोसा नगर्नुहोला। पैतृक सम्पत्ति प्राप्तिको योग छ। |
| वृश्चिक | : | स्वास्थ्य राम्रो रहनेछ। शान्त र आनन्दित रहने योग छ। |
| धनु | : | कार्यहरूमा लाभ प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ। |
| मकर | : | आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ । स्वास्थ्य कमजोर रहनेछ। |
| कुम्भ | : | सम्मान तथा सम्पत्तिमा वृद्धि हुनेछ। दिन अनुकुल छ। |
| मीन | : | साथी-भाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ। आँटेका काम सम्पन्न हुनेछन्। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# चुनावी जितपछि ट्रम्पसँग मिलेर काम गर्ने विश्व नेताहरूको प्रतिबद्धता

**काठमाडौं/एजेन्सी–** कमला ह्यारिसमाथि अमेरिकी निर्वाचनमा आश्चर्यजक जित हासिल गरेपछि विश्व नेताहरू बुधबार डोनाल्ड ट्रम्पलाई बधाई दिन तत्पर देखिएका छन् । उनको चुनावी जित पुष्टि हुनुअघि नै धेरै व्यक्त गरिएका पहिलो प्रतिक्रियाहरू यस्ता छन् :




**जापान : नयाँ उचाइ**

प्रधानमन्त्री सिगेरु इसिबाले 'जापान-अमेरिका गठबन्धन र जापान-अमेरिका सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन ट्रम्पसँग नजिकबाट काम गर्ने' आशा गरेको पत्रकारहरूलाई बताए ।

**दक्षिण अफ्रिका**

सन् २०२६ मा अमेरिकाभन्दा अघि आगामी वर्ष जी२० को अध्यक्षता सम्हाल्ने दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले ट्रम्पलाई सन्देशमा 'हाम्रा दुई राष्ट्रबीचको सहयोगका सबै क्षेत्रहरूमा नजिक र पारस्परिक लाभदायक साझेदारी जारी राख्न' तत्पर रहेको बताए ।

**साउदी अरेबिया : नजिकको सम्बन्ध**

साउदी अरेबियाका राजा सलमान र उहाँका छोरा, वास्तविक शासक क्राउन प्रिन्स मोहम्मद बिन सलमानले ट्रम्पलाई पठाएको तारमा राजा सलमानले 'दुई मित्र देश र जनताबीचको नजिकको सम्बन्धलाई सबैले सबै क्षेत्रमा बलियो र विकसित गर्न चाहन्छन्' भन्दै प्रशंसा गरेको आधिकारिक साउदी प्रेस एजेन्सीले जनायो ।

**कतार : सुरक्षा र स्थिरता**

गाजा द्वन्द्वमा प्रमुख मध्यस्थकर्ता र मध्यपूर्वमा सबैभन्दा ठूलो अमेरिकी सैन्य अड्डाको आतिथ्यकर्ता कतारका अमिर शेख तमिम बिन हमद अल-थानीले 'क्षेत्र र विश्वव्यापी रूपमा सुरक्षा र स्थिरता प्रवर्द्धन गर्न फेरि सँगै काम गर्न' तत्पर रहेको बताए ।

**टर्की : मेरा मित्र ट्रम्प**

टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोआनले 'मेरा मित्र डोनाल्ड ट्रम्पलाई' बधाई दिए । 'टर्की-अमेरिका सम्बन्ध बलियो हुनेछ, क्षेत्रीय र विश्वव्यापी संकट र युद्धहरू, विशेषगरी प्यालेस्टिन मुद्दा र रुस-युक्रेन युद्ध समाप्त हुनेछन् भन्ने मलाई आशा छ,' उनले वक्तव्यमा भने ।

**इजिप्ट : शान्ति प्राप्ति**

राष्ट्रपति अब्देल फत्ताह अल-सिसीले ट्रम्पको ह्वाइट हाउस फिर्तीले मध्यपूर्वमा शान्ति ल्याउन मद्दत गर्नसक्ने आशा व्यक्त गरे । 'म उहाँलाई सबै सफलताको कामना गर्छु र सँगै शान्ति प्राप्त गर्न, क्षेत्रीय स्थिरता कायम राख्न र इजिप्ट-संयुक्त राज्य अमेरिकाबीचको रणनीतिक साझेदारी सुदृढ गर्न तत्पर छु,' उनले भने ।

**दक्षिण कोरिया : गठबन्धन अझ उज्यालो चम्कने**

राष्ट्रपति युन सुक येओलले ट्रम्पलाई बधाई दिँदै भने, 'तपाईंको बलियो नेतृत्वमा, दक्षिण कोरिया-अमेरिका गठबन्धन र अमेरिकाको भविष्य अझ उज्यालो चम्कनेछ । तपाईंसँग नजिकबाट काम गर्न तत्पर छु ।'

**इटाली : हार्दिक बधाई**

प्रधानमन्त्री जोर्जिया मेलोनीले 'हार्दिक बधाई' दिइन् । 'इटाली र संयुक्त राज्य अमेरिका अटल गठबन्धनद्वारा जोडिएका भगिनी राष्ट्रहरू हुन्,' उनले भनिन् ।

**हंगेरी : सबैभन्दा ठूलो पुनरागमन**

युरोपमा ट्रम्पका सबैभन्दा नजिकका सहयोगी प्रधानमन्त्री भिक्टर ओर्बनले यो परिणामलाई 'सम्भवतः पश्चिमी राजनीतिक इतिहासमा सबैभन्दा ठूलो पुनरागमन' भनेका छन् । 'उनीहरूले उहाँलाई जेलको धम्की दिए, उहाँको सम्पत्ति खोसे, उहाँको हत्या प्रयास गरे, अमेरिकाको सम्पूर्ण मिडिया जगत् उहाँको विरुद्धमा गयो र पनि उहाँ विजयी हुनुभयो,' उनले फेसबुकमा लेखेका छन् ।

# इजरायली प्रधानमन्त्री नेतान्याहुद्वारा रक्षामन्त्री ग्यालन्टलाई बर्खास्त



**काठमाडौं/एजेन्सी–** इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आफ्ना रक्षामन्त्री याओव ग्यालन्टलाई विश्वास गर्ने वातावरण नदेखिएको कारण देखाउँदै पदबाट बर्खास्त गरेका छन् । टाइम्स अफ इजरायलका अनुसार लिकुड पार्टीका ग्यालेन्टको स्थानमा विदेशमन्त्री इजरायल काट्जलाई ल्याइने भएको छ । काट्जको स्थानमा गिदोन सारलाई विदेशमन्त्रीको जिम्मेवारी दिने तयारी गरिएको छ ।

टाइम्स अफ इजरायलले प्रधानमन्त्री कार्यालयलाई उद्धृत गर्दै नेतान्याहूले ग्यालन्टलाई रक्षा मन्त्रीको रूपमा पत्र प्राप्त भएको ४८ घण्टाभित्र पद समाप्त हुने जानकारी दिएको जनाएको छ । युद्धको शुरुवाती समयमा विश्वाससहितका कामहरु भएको भएपनि पछिल्लो समयमा विश्वसनियता घट्दै गएको जनाउँदै नेतन्याहूले बर्खास्तको विज्ञप्ति जारी गरेको टाइम्स अफ इजरायलले जनाएको छ ।

रक्षामन्त्रीसँगको विश्वासको सङ्कटले सैन्य अभियानलाई उचित मार्गदर्शन र सक्षम बनाउन नसकिने बताउँदै नेतान्याहूले यस्तो निर्णय गरेको बताएका छन् । बर्खास्त भएपछि, ग्यालन्टले इजरायलको सुरक्षाका लागि सक्रिय रहने वाचा गर्दै सामाजिक सञ्जाल एक्सको पोस्टमा इजरायलको सुरक्षा सधैं आफ्नो जीवनको लक्ष्य हुने र यसका लागि सधैं लागिरहने बताएका छन् ।

ग्यालन्टले 'हमासद्वारा अपहरण गरिएका इजरायली 'छोरा-छोरी'लाई फिर्ता ल्याउने नैतिक प्रतिबद्धतामा पनि जोड दिएका छन् । उनीहरू जीवित रहँदै सकेसम्म चाँडो उद्धार गर्नुपर्ने जनाउँदै उनले विज्ञप्ति जारी गरेका छन् ।

बन्धकहरूलाई फिर्ता ल्याउन सम्भव रहेको बताउँदै उनले त्यसको लागि उचित सम्झौता आवश्यक रहेको बताएका छन् । मृत्यु भइसकेका बन्धकहरूलाई फिर्ता ल्याउन नसके पनि बाँकी बन्धकका लागि आवश्यक पहल गर्न जरूरी रहेको ग्यालान्टले उल्लेख गरेका छन् ।

टाइम्स अफ इजरायलका अनुसार दर्जनौं दक्षिणी इजरायली समुदायमा भएका आक्रमणमा ज्यान गुमाएका करिब एक हजार २०० मानिसको साथै २५१ जनालाई बन्धक बनाएको अक्टोबर-७ हमास आक्रमणको सरकारी अनुसन्धानका लागि पनि उनले आह्वान गरेका छन् ।

# कतारको संविधान संशोधन परियोजना जनमत संग्रहबाट स्वीकृत



**काठमाडौं/एजेन्सी–** कतारको संविधान संशोधन परियोजना राष्ट्रिय जनमतसंग्रहबाट स्वीकृत भएको सरकारी समाचार एजेन्सी क्युएनएले बुधबार जनाएको छ । आन्तरिक मन्त्री तथा जनमत संग्रह समितिका अध्यक्ष शेख खलिफा बिन हमद बिन खलिफा अल थानीको नेतृत्वको जनमत संग्रह समितिले सन् २०२४ का लागि देशको स्थायी संविधान संशोधनको मस्यौदामा जनमत संग्रहको परिणाम स्वीकृत गर्ने घोषणा गरेको हो । थानीले जारी गरेको विज्ञप्तिअनुसार कतारको संविधानको संशोधनको परियोजनाले कुल वैध मतको ९०.६ प्रतिशत लोकप्रिय स्वीकृति पाएको छ ।

यसअघि गत अक्टोबर २९ मा कतारका अमिर शेख तमिम बिन हमद अल-थानीले १८ वर्ष वा सोभन्दा माथिका सबै नागरिकलाई जनमत संग्रहमा सहभागी हुन आह्वान गर्दै आदेश जारी गरेका थिए ।

कतारी समाजका विभिन्न वर्गहरूबीच एकताको समावेश गरेको यस राष्ट्रिय कार्यक्रममा प्राप्त सफलताहरूको कदर गर्दै जनमतसंग्रह समितिले बुद्धिमान नेतृत्व र उदार कतारी जनतालाई धन्यवाद दिएको छ ।

क्युएनएको अघिल्लो रिपोर्टका अनुसार पछिल्लो संवैधानिक संशोधनले कतारको आन्तरिक र विदेश नीति ढाँचामा महत्वपूर्ण अद्यावधिक प्रस्तुत गरेको छ जसमा विधायी सीटहरूका लागि सीमित मतदान समाप्त गर्ने कि नगर्ने भन्ने उल्लेख छ ।

# हिजबुल्लाहद्वारा इजरायली विमानस्थलमा रकेट प्रहार



**काठमाडौं/एजेन्सी–** हिजबुल्लाहले बुधबार मध्य र उत्तरी इजरायलमा करिब दस रकेट प्रक्षेपण गरेको र एउटा रकेट तेल अभिव नजिकैको बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रहार गरेको इजरायली अधिकारीहरूले बताएका छन् ।

बासिन्दाहरूले तेल अभिव क्षेत्रमा विस्फोटको आवाज सुनेको बताएका छन् । इजरायलको आर्थिक केन्द्र तेल अभिवसहित मध्य इजरायल, इजरायलको कब्जामा रहेको पश्चिम किनार र उत्तरी इजरायलका करिब एक सय ५० सहर र समुदायमा रकेट आक्रमणको चेतावनी दिँदै साइरन बजाइएको छ ।

इजरायली प्रहरीले बेन गुरियन एयरपोर्टमा रकेट प्रहार गरेको पुष्टि गरेको छ । सामाजिक सञ्जालमा भाइरल भइरहेको एउटा तस्बिरले विमानस्थल क्षेत्रमा रहेको खाली पार्किङ स्थलमा क्षति पुगेको देखाएको छ ।

इजरायली प्रहरीले बेन गुरियन विमानस्थलमा रकेट प्रहार भएको पुष्टि गरेको छ । सामाजिक सञ्जालमा भाइरल भइरहेको एउटा तस्बिरले विमानस्थल क्षेत्रमा खाली पार्किङ स्थलमा क्षति भएको देखाएको छ । तेल अभिवको उपनगर रानानामा अर्को रकेट पार्किङमा रहेको खाली कारमा ठोक्किएको थियो ।

हिजबुल्लाहले आक्रमण विमानस्थल नजिकैको सेरफिन आधारलाई लक्षित गरेके विज्ञप्तिमा बताएको छ । इजरायलको म्यागेन डेभिड एडोम उद्धार सेवाले तत्काल कुनै हताहतको रिपोर्ट नभएको बताएको छ ।

# जर्मनीमा असमानता र गरिबीको जोखिम

**काठमाडौं/एजेन्सी–** हालैका वर्षहरूमा सम्पत्तिमा वृद्धि भए तापनि जर्मनीमा असमानता र गरिबीको जोखिममा खासै परिवर्तन नभएको बुधबार प्रकाशित प्रतिवेदनले देखाएको छ ।

सन् २०२१ मा जर्मनीका शीर्ष १० प्रतिशत घरपरिवारले देशको कूल सम्पत्तिको ५६ प्रतिशत ओगटेका थिए । यसले जर्मनीलाई युरोपमा सबैभन्दा असमान मुलुकहरूमा राखेको सामाजिक विज्ञान अनुसन्धान केन्द्र बर्लिन (डब्लुजेडबी)द्वारा संयुक्तरूपमा प्रकाशित २०२४ सामाजिक प्रतिवेदनमा उल्लेख छ ।

विशेषगरी पूर्वी र पश्चिम जर्मनीबीच सम्पत्ति वितरणमा असमानता उच्च छ । पूर्वी जर्मन घरपरिवारको औसत सम्पत्ति एक लाख ५० हजार नौ सय युरो रहेको छ भने पश्चिममा तीन लाख ५९ हजार आठ सय युरो रहेको प्रतिवेदनमा बताइएको छ । पछिल्लो दशकमा यसमा थोरै सुधार देखिएको छ । प्रतिवेदनले पूर्वी जर्मनीमा ६० देखि ७९ वर्ष उमेर समूहका चारमध्ये एक जना गरिबीको जोखिममा रहेको पनि प्रकाश पारेको छ । जर्मन समाचार एजेन्सी डिपिएका अनुसार डब्लुजेडबी विशेषज्ञ फिलिप वोत्श्याकले पूर्वी र पश्चिम जर्मनीबीचको निरन्तर असन्तुलन आंशिक रूपमा पूर्वमा कम ज्याला स्तरको कारणले भएको बताए । पूर्वमा कम ज्याला स्तर हुँदा सम्पत्ति सञ्चयलाई सीमित गर्दछ ।

यसबाहेक आंशिक रूपमा जनसंख्याको गिरावटका कारण पूर्वी जर्मनीमा सम्पत्तिको मूल्यमा कुनै वृद्धि देखिएको छैन ।

**भुलसुधार गरिएको सूचना**

प्रस्तुत विषयमा यस देवघाट गाउँपालिकाको कार्यालयबाट मिति २०८१/०७/२१ मा यस दैनिकमा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयसम्बन्धी सूचनामा मिति २०८१/०५/२१ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**देवघाट गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ, गण्डकी प्रदेश, नेपाल

बागमती प्रदेश सरकार
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**पशु सेवा कार्यालय**
लगनखेल, ललितपुर (कार्यक्षेत्रः काठमाण्डौं, भक्तपुर, ललितपुर)

**प्रस्ताव आव्हानको सूचना**

**सूचना नं. १ (प्रथम पटक प्रकाशित मिति: २०८१/०७/२२)**

यस पशु सेवा कार्यालय, ललितपुरको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक एवं मापदण्ड पूरा गरेका पशुपालक कृषक समूह/सहकारी/निजी फार्मले तोकिएको समय सीमा भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आवेदन दर्ता गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगि तथा म्याद नाघि दर्ता हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन ।

| क्र.सं. | कार्यक्रम | एकाई | परिमाण | कुल बजेट (लाख) | आवेदक | कार्यविधि | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | बाख्रा प्रवर्द्धन कार्यक्रम | संख्या | ३ | १५ | कृषक समूह/निजी फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | काठमाण्डौं, भक्तपुर र ललितपुर |
| २ | बंगुर प्रवर्द्धन कार्यक्रम | संख्या | ४ | १० | कृषक समूह/निजी फार्म | | |
| ३ | भैंसी प्रवर्द्धन कार्यक्रम | संख्या | ५ | २५ | कृषक समूह/सहकारी/निजी फार्म | | |
| ४ | दुग्ध उत्पादन वृद्धि कार्यक्रम (दुध जोन कार्यक्रम) | संख्या | ५ | ४५ | निजी फार्म | | ललितपुर जिल्लाको कोन्ज्योसोम गा.पा. १, ५ बागमती गा.पा. ६,७ महाँकाल गा.पा. ४, ५ र काठमाण्डौं जिल्लाको नागार्जुन न.पा. ६ र तारकेश्वर न.पा. २,३ |
| ५ | पशु आहारामा आत्मनिर्भर कार्यक्रम | हेक्टर | ३० | ३० | निजी फर्म/कृषक समूह/सहकारी | | काठमाण्डौं, भक्तपुर र ललितपुर |
| ६ | मागमा आधारित जिविको पार्जन सहयोग कार्यक्रम | संख्या | ३० | ३० | आर्थिक हिसावले विपन्न एंव अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडिएका जातजातीहरु एंव उनीहरुबाट गठित कृषक समूह, कृषि सहकारी र कृषि तथा पशुपन्छी फर्म | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविको पार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |
| ७ | पशुपन्छी तथा मत्स्यपालनको लागि यन्त्र तथा उपकरण वितरण | पटक | १ | १० | निजी फार्म/कृषक समूह/कृषि सहकारी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ | |
| ८ | पशुपन्छी तथा मत्स्य उद्यमशिलता विकास कार्यक्रम | संख्या | २८ | ५६ | निजी फार्म/कम्पनी र कृषि उद्यमी | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | |

**नोट:** सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-५४४७३७७, ०१-५४४२४४९ वा यस कार्यालयको वेबसाईट www.vhleclalitpur.bagamati.gov.np बाट डाउनलोड गरि लिन सकिने छ ।

**Cyprus मा रोजगारको अवसर**

कम्पनी: **Ero Christoforou Private Employment Agency,** Cyprus, Paphos.
पूर्व स्वीकृती मिति:– २०८०।११।२१ चलानी नं. ६०२१५९४४ LT.No. 300974 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook C | 01 | काममा दक्ष | 700 | १,०२,४७३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि–मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।– | कामदार स्वयं रु. १,५००।– | रु.३०,०००।– |

अन्तर्वार्ता २०८१ कात्तिक २९ गते ( 14 Nov. , 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :– १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

**साउदीमा रोजगार** कम्पनी: :ADMINISTRATIVE UNION FACTORY FOR INDUSTRY शहर: Al Kharj
पूर्व स्वीकृत मिति: २०८१/०७/२० चलानी नं.: ६०२२७५४७ LT. No.: 313107

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Paper Making Machine Operator | 2 | 0 | स. काममा दक्ष | 2500 | ८५,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २९ गते (14 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

**रोमानियामा रोजगार** कम्पनी: MULTI PROFESSIONAL SOLUTIONS SRL शहर: BUCHAREST
पूर्व स्वीकृत मिति:२०७९/१०/२३ चलानी नं.:६०१९६१२४ LT. No.: 280579 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 0 | स. काममा दक्ष | 550 | ७३,८५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ कार्तिक २९ गते (14 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ७०,००० कामदारले |

**डिभाईन इन्साईट ओभरसिज प्रा. लि.**
(श्रम इजाजत नं. ९६४/०६७/०६८)
धुम्बाराही (टेनिस्कोर्ट पछाडी),काठमाडौं । फोन: ०१–४३७६१५९, ९८५१०१२१४२

**कतारमा रोजगार** कम्पनी : NWRFATYS CLEANING शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/०७/२० चलानी नं.: ६०२२७५५३ L.T. No.:313194

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen.clean.worker | 0 | 10 | स. काममा दक्ष | 1000 | ३६,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २९ गते (14 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**रोयल गण्डकी म्यानपावर प्रा. लि.** श्रम इजाजत पत्र नं.: १०२३/०६८/०६९
सामाखुसी–३, काठमाडौं, फोन: ४९८७८७१, ४९९५४३०९, ९८५१०८२०५६

**कतारमा रोजगार** कम्पनी: GULF CRAFTS शहर:Doha
पूर्व स्वीकृत मिति: २०८१/०३/०५ चलानी नं.: ६०२२१४४२ LT. No.: 306716 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | INSTAL TECHNICIAN | 10 | 0 | स. काममा दक्ष | 1100 | ४०,५२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २९ गते (14 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**फस्ट ग्रोथ वर्ल्डवाइड इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ३३/०४८/४९
पो.ब.नं. ५९११, शान्तिनगर–३४, नयाँबानेश्वर, काठमाडौं, नेपाल । फोन: ४१०७७८०, ४१०७७९८, ४१०७६०५

**ओमनमा रोजगार** कम्पनी: GULF ROCK ENGINEERING शहर: Al Khabourah
पूर्व स्वीकृत मिति: २०८१/०७/२१ चलानी नं.: ६०२२७५७३ LT. No.:313196

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mine Cleaner | 14 | 0 | सम्बन्धित काममा दक्ष | 126 | ४४,०४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Blasting Worker | 12 | 0 | | 126 | ४४,०४३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक २९ गते (14 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Elite Human Resource Pvt. Ltd.** श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal. Tel: 01-4987995, 4989849, 4983362,
Mob.: 9803031722 ,9851088873, 9808875634 ,9801188873 , 9851072628.Email:elitehrnepal@gmail.com, www.ehr.com.np

# क्स अफिस समाचार



# ‘ग्ल्याम नेपाल इन्टरनेशनल’ शो हुँदै, बलिउड अभिनेत्री उर्वशी नेपाल आउने

**काठमाडौं/मस–** बलिउडकी चर्चित अभिनेत्री उर्वशी रौटेला नेपाल आउने भएकी छन् । होटल याक एण्ड यतिमा आगामी १४ डिसेम्बरमा आयोजना हुने फेसन शो हेल्दी च्वाइस ‘ग्ल्याम नेपाल इन्टरनेशनल २०२४’मा शोटपरको रुपमा सहभागी हुन रौटेला नेपाल आउने भएकी हुन् । तीन सिजन भव्यरुपमा सम्पन्न भैसकेको ‘ग्ल्याम नेपाल इन्टरनेशनल’को यो चौथो सिजन हो ।

ट्रु स्किन एण्ड हेल्दी च्वाइस मुख्य प्रायोजक रहेको फेसन शोमा सहभागीका लागि मोडलको आवेदन खुला गरिएको छ । आयोजक प्रारम्भ प्रोडक्सनले बुधबार एक विज्ञप्ति जारी गर्दै मोडलका लागि आवेदन खुला भएको जानकारी दिएको हो ।

शोमा सहभागी हुन चाहने मोडलले इसेवा एपमार्फत आवेदन फारम भर्न सक्नेछन् । शोमा सहभागी मोडलहरुमा फिमेलका लागि ५.४ फिट र मेलका लागि ५.१० फिट हाइट माथि हुनुपर्ने प्रावधान छ ।

शोका लागि मोडल छनोट अडिसन ९ नोभेम्बरमा होटल हिमालयनमा आयोजना हुनेछ । जसबाट ६ मेल र २४ फिमेल गरेर ३० मोडल छानिने आयोजक प्रारम्भ प्रोडक्सनका फाउन्डर निर्देशक पवन आचार्यले जानकारी दिए ।

नेपालका उत्कृष्ट डिजाइनरहरुले तयार पारेको आकर्षक र नयाँ फेसनका डिजाइनहरु फेसन शोमा विभिन्न सिक्वेलमा प्रस्तुत हुनेछ । फेसन नयाँ र आकर्षक पहिरनको बारेमा फेसन प्रेमीलाई जानकारी दिने र फेसन डिजाइनरलाई प्रोत्साहन गर्ने उद्देश्यले फेसन शो आयोजना गर्न लागिएको हो । फेसन शोमा व्यवसायी, कलाकार, मोडललगायतका विभिन्न व्यक्तिहरुको सहभागिता रहनेछ ।

शोको उत्कृष्ट मोडल तथा डिजाइनरले अष्ट्रेलियामा हुने ग्ल्याम इन्टरनेशनलमा सहभागीको अवसर प्राप्त गर्नेछन् ।

# ‘कल्ली’बाट कमब्याक गर्दै उत्तम प्रधान



**काठमाडौं/मस–** रेड बर्ड प्रोडक्सन र कस्तुरी प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्म ‘कल्ली’मा अभिनेता उत्तम प्रधानको प्रवेश भएको छ । रेड बर्ड प्रोडक्सन र कस्तुरी प्रोडक्सनले बनाउन लागेको आगामी फिचर ‘कल्ली’मा उनी अनुबन्धित भएका हुन् । यसै साता निर्माता किरण नेपाली र लेखक तथा निर्देशक लक्ष्मण सुनारले भारतको सिक्किम पुगेर उनीसँग कागजी सम्झौता गरेका हुन् ।

अभिनेता प्रधान विगत एक दशकदेखि अभिनयमा सक्रिय छैनन् । उनले पछिल्लो पटक मुख्य भूमिकामा काम गरेको फिल्म ‘इशारा’ (२०१२) थियो । यसपछि उनी ‘दर्पण छायाँ २’मा अतिथि भूमिकामा देखिएका थिए ।

